
9 771227 73 7969

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



जेठ २०८३

२५६

(साहित्य, कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

## २०८३ जेठ (May–Jun 2026)

वर्ष २५ अङ्क ८ पूर्णाङ्क २९६ (Year 25 Issue 8 Total issue 296)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

प्रधान-सम्पादक : धीरकुमार श्रेष्ठ
सम्पादक : भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल
कला संयोजन : राजेश मानन्धर
व्यवस्थापन : तुलसीकुमार कन्दङ्वा

वेबसाइट : https://sabdankur.com
http://bit.ly/sabdankur
आवरण : माछापुछ्रे, कास्की
आवरण तस्बिर : भोगेन्द्र लिङ्देन
ISSN : 2773-7969

मूल्य रु. ४५/-

**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

मुद्रक : कोसी प्रिन्टिङ प्रेस, बबरमहल, काठमाडौँ

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

## यस अङ्कभित्र

### कविता/गजल/मुक्तक/गीत

श्रीमतीलाई : हेमचन्द्र पोखरेल ३, तिमी र म : तिलकप्रसाद सापकोटा ४, अक्टोबर र श्रमिक : वासुदेव अधिकारी ५, टुक्का कविता : खगेन्द्र बस्याल र चन्द्रा न्यौपाने ५, कर्तव्यको आयु : अन्जु चालिसे (स्न्यान्जली) ६, तिम्रो सम्झनामा : त्रिलोचन सुवेदी ७, नआऊ : वासु घिमिरे ८, गजल : गङ्गा खड्का ८, जिब्रो : डुकछिरिङ लेप्चा ९, पाँच मुक्तक : डा. श्यामप्रसाद न्यौपाने १०, चेतनाका लहरहरू : शिव नेउपाने ११, टुक्का कविता : लक्ष्मीदास शर्मा, मनु मगर, ताराप्रसाद चापागाईं र तिलक गाउँले १२, कविजीको झोला : रामेश्वर जलन १३, छोटो छ जीवन... ! : नीता गुरूङ भाटिया १४, गीत : लीलाराज दाहाल २१, गीत : मुरारीराज मिश्र २७, स्तर : ईश्वर पोखरेल, केही साइनो कविता : डा. छायादत्त न्यौपाने ४६

### कथा/लघुकथा/निबन्ध/नियात्रा/समालोचना

राज्य दान : डा. जयप्रसाद लम्साल १५, घाटाको व्यापार : प्रमोद नेपाल १७, अधिकार हराएको चित्र : टीकाराम पोखरेल १८, वृद्धभत्ता : गंगाप्रसाद अधिकारी २१, न्यानो : श्यामप्रसाद श्रेष्ठ २२, अभौतिक प्रेम : रणभीम २३, शब्दको यात्रा : दशराज शाक्य २६, सान्डिएगोको सान : ऐतिहासिक, प्राकृतिक र सामुद्रिक जीवन : यादवप्रकाश लामिछाने २८, सुसायो सल्ला सरर : डा. दामोदर पुडासैनी 'किशोर' ३३, कथाकार प्रदीप गुरूङको कथाशिल्प : डा. राजकुमार छेत्री ३७ र गिद्ध र परेवाको युद्ध : एक समीक्षा : श्रीहरि फुयाँल ४३

# हाम्रो अभिमत

पूरा गर्न नसकिने र हुन नसक्ने रूपमा आदर्शलाई अर्थ्याउने गरिएको लामो परम्परा हामीसँग छ । एक किसिमले भन्ने हो भने आदर्शको अवस्था केवल कोरा कल्पना सिद्ध हुने तहसम्म विकसित छ । यो प्राप्त हुनै सक्दैन । यसलाई हासिल गर्नै सकिन्न भन्ने तहसम्म पुगेर परिभाषित हुने गरेको छ । अर्कोतर्फ यथार्थलाई वर्तमानमा भइरहेको क्रियाकलाप र अवस्थितिसँग सान्निध्यशील गरेर प्रस्तुत गर्ने गरिएको छ । वर्तमानको विद्रुप तस्बिर र सम्हालिनै नसक्ने अवस्थालाई यथार्थका रूपमा अगाडि सार्ने गरिएको छ । यसलाई बाध्यता र विवशताका माझमा अल्मलिरहेको गन्तव्यसँग निकट साइनो गाँसी व्यक्त गर्ने गरिएको छ । आदर्श उच्च अवस्था हो भने यथार्थ निम्न अवस्था हो भन्ने किसिमले व्यञ्जित हुने गरेको छ । यी दुईलाई एकअर्काबाट भिन्न गरी हेर्ने परम्परा रहिआएकोमा त्यसलाई पुनर्परिभाषित गर्नुपर्ने विद्यमानता देखा परेको हो कि भनेर विमर्श हुनुपर्ने आवश्यकताको अपरिहार्यता हाम्रा सामु छ ।

आदर्शलाई हुनुपर्ने तर हुन असम्भव र हुन नसक्ने तहमा लगेर हेर्ने गरियो । यसलाई कठिन र दुर्लभ प्राप्तिका रूपमा विश्लेषण गर्ने गरियो । उदाहरणका लागि नियमकानुनको परिपालना हुनु र यसअनुसार चल्नुलाई आदर्शको आवरण पहिऱ्याउने गरियो । यसले गर्दा नियमकानुन बनाउने तर त्यसको परिपालना नहुने स्थिति झाङ्गिएकोझाङ्गिएकै रह्यो । बनेका नियमकानुनअनुसार चल्नुलाई आदर्श स्थितिका रूपमा लिइने गरियो । त्यस्ताको पर्यवेक्षण कागको बथानमा बकुलाका रूपमा हुने गर्दा यो दिन प्रतिदिन अप्राप्य बन्दै गयो । अर्कातर्फ नियमकानुन बन्ने तर त्यसको परिपालना नहुने र नगर्ने स्थितिलाई यथार्थको जामा पहिऱ्याइयो । नियमकानुनको परिपालनालाई उपहासको विषयजस्तो बनाइयो । यसलाई केवल हात्तीको देखाउने दाँतको उपमा दिइयो । परिपालना गरेजस्तो गरी औपचारिकता पूरा गर्ने गरियो । यसले गर्दा यथावस्थामा खासै परिवर्तन नआउने स्थिति रह्यो । गन्तव्य यात्रा केवल एउटा चक्रव्यूहको फेरो मार्नमा सीमित रहन बाध्य भयो । त्यहाँभन्दा अगाडि बढ्न मुस्किल मुस्किल प्रतीत हुन थाल्यो ।

यस स्थितिमा परिवर्तन आवश्यक थियो । अपरिहार्य भइसकेको रहेछ । मूल्य र मान्यताहरूलाई कसी लगाउने बेला भइसकेको रहेछ । परम्पराका नाममा यथास्थितिलाई संरक्षण र सम्वर्द्धन गर्न कठिन भइसकेको रहेछ । साँगुरिँदै गरेको घेरामा सबैलाई अँटाउने ठाउँ अपुग हुन थालिसकेको रहेछ । यसलाई निकट विगतका विद्युतीय गतिका केही सीमित दिनहरूले साकार पार्दै लगेको हो कि भन्ने भान पर्न लागेको छ । औपचारिकतामा सीमित रहेको आदर्शले अब यथार्थका विकृति र विसङ्गति एवम् विडम्बनाहरूमा रूपमान्तरण खोजेको रहेछ भन्नेमा विश्वस्त हुने आधारशीलाहरू निर्माण हुँदै छन् । विश्वका कतिपय देशले नियमकानुनको हुबहु परिपालनामार्फत प्राप्त गरेको उपलब्धिलाई असम्भव प्राप्तिको आदर्श स्थितिका रूपमा प्रस्तुत गरी यथार्थको कुरूप भुमरीमा फनफनी घुम्न रमाइरहने स्थिति अब रहेन । केवल औपचारिकता निर्वाहले गन्तव्य यात्रा झन् झन् दुर्गम हुँदै गएर सगरमाथाको उचाइलाई माथ गर्ने तहमा पुग्न लागेको अवस्थामा देखा पर्न लागेका सुनौला किरणहरू पूर्ण प्रकाशमान हुन पाउँछन् कि पाउँदैनन् । यो प्रतीक्षाको विषय हो । भविष्यले यसलाई अवश्य आशलाग्दो रूप दिने छ । यसमा विश्वस्त हुन सकियोस् ।

– प्रधान सम्पादक

# श्रीमतीलाई

हेमचन्द्र पोखरेल

ए मेरी रानी मायाकी खानी नगर बिलौना
भन्दछु सच्चा जिन्दगी कच्चा माटाको खिलौना
आखिरी बेला रोगको फेला सबैले पर्नु छ
भोगेर कष्ट यो चोला नष्ट भएर मर्नु छ

खाइन्छ आज भरेर पेट भोलि ता उस्तै छ
बाँचौँ न जत्ति हुँदैन तृप्ति संसार यस्तै छ
सुनौला दिन साथमा मेरो सुखले बितायौ
जीवनभरि तिमीले मेरो असलै चितायौ

पाँचोटा फूल तिम्रो र मेरो जीवन बोटमा
फुलेका राम्रो मोहनी भर्छन् कलिलो ओठमा
वैलेर जाला इनको राम्रो उज्यालो मुहार
फुटेर जाला जीवन ज्योती कुँदेको जुहार

आपत्ति पर्दा मानिस ठूलो डरले तर्सिन्छ
आज र भोलि गरेर तर त्यो दुःख बिर्सन्छ
रोएर के र आँसूको धार त्यो छाती चिर्दैन
जिन्दगीभरि रोएर पनि गएको फिर्दैन

ए मेरी प्यारी ! सुतौली जब कोठामा रातमा
त्यो मेरो आँसू चुहेको तप्तप् सुनौली पातमा
हेरौली जब बसेर तिमी त्यो ठूलो ढुङ्गामा
म हाँसी दिउँला तिमीलाई हेरी फूलको थुँगामा

रातमा जब परेवा घुर्लान् निदायो भन्नु है
हावाले पात फर्फर गर्दा बिउँझेछ भन्नु है
तिमी खाँदा म पनि झौँगो भएर आउँला
मारेर बात दाल र भात सँगसँगै खाउँला

त्यो तिम्रो पोते इन्द्रेनीलाई म राख्न दिउँला
आउनु माथि भेटेर फेरि लगाइदिउँला
बिहानी पख पूर्वको लाली बटुली राखौँला
सिउँदोमा सिन्दूर छर्नलाई फेरि तिमीलाई डाकौँला

पोसाक तिम्रो बगैँचाभित्र फूलले रंगाऊ
          झल्किने चुरा बिजुलीसित मागेर लगाऊ
कपाल तिम्रो रातले लग्यो म मागिदिने छू
          पाइनँ भने बादलसँगै सापट लिने छू

ए मेरी हीरा ! सिँगारी फेरि धपक्क पारौँला
          स्वर्गमा पनि अघिभैँ गरी आनन्द गरौँला
रातमा तारा चम्केको हो, त्यो मै हूँ चम्कने
          वर्षाको बादल चढेर हात्ती त्यो मै हूँ लम्कने

बिहानको त्यो सिर्सिरे हावा म सास फेर्ने छु
          जुनेली रात कोठामा पसी तिमीलाई हेर्ने छु
तिमीले रानी ! नदेखे पनि म देखिरहूँला
          हृदयभित्र अघिको भन्दा नगीचै रहूँला ।

(वर्णविन्यासलाई यथावत् प्रस्तुत गरिएको छ ।)

(१२.१२.०२२)

कविता

# तिमी र म



**तिलकप्रसाद सापकोटा**

तिमी भएरै हो
मैले तिमीलाई बिर्सिरहेको
तिमीलाई बिर्सेरै हो
मैले आफैलाई बिर्सिरहेको

मैले आफैलाई बिर्सेरै हो
अरूसँग भुलिरहेको
बाहिरतिरै डुलिरहेको
आफैबाट टाढिइरहेको

आज तिमीलाई सम्झेरै हो
अरू सबै बिर्सिरहेको
आफैभित्र रमाइरहेको
नाचिरहेको, हाँसिरहेको
तिमीमा नै बिलाइरहेको ।

कविता

# अक्टोबर र श्रमिक



वासुदेव अधिकारी

हिजो
मालिकले काम दियो
तिमीले जीवन दियौ
मालिकले ज्याला दियो
तिमीले पसिना दियौ
सबै ठिकै लाग्थ्यो
बेठिक के थियो भने
तिमीले कहिल्यै ज्याला गनेनौ
आफूलाई हेरेनौ
परिवारलाई सुम्सुम्याएनौ
अक्टोबरको अगलबगलमा
तिमी ब्युँझियौ
म खुसी भएँ
तिमीले आफूलाई हेर्‍यौ/चिन्यौ
ज्याला गन्न थाल्यौ
समय चिन्यौ
र घडीको माग गर्‍यौ
म सलाम गर्छु
तिम्रो जाँगरलाई
म अभिवादन गर्छु
तिम्रो समयचेतलाई !

कविता

# टुक्का कविता

खगेन्द्र बस्याल

जिन्दगीको गोरेटोमा स्वागत छ तिमीलाई
कामैबाट हुन सकौँ समाजमा हाईहाई ।

चन्द्रा न्यौपाने

यही रक्षाबन्धनले होस् देश सुरक्षित, नहोउन् कोही भगुवा
देशैका लागि लागुन् अब निःस्वार्थ भई बनेर सकल अगुवा ।

# कर्तव्यको आयु

अन्जु चालिसे (रूपान्जली)

जिन्दगी चलाउँदाचलाउँदै
घर बनाउने रहरले
मानिस
आफैलाई इँटा बनाउँछ ।
बिहा गर्छ तर
खुसी बाँड्न होइन,
केवल जिम्मेवारी सम्हाल्न ।
परिवार पाल्दा ऊ हाँसिरहन्छ,
किनकि
हक हुँदैन उसको थाकेर बस्ने ।
छोराछोरीलाई अक्षर सिकाउँदा
उसका सपनाहरू निरक्षर रहन्छन् ।
दिनहरू, खर्चजस्तै सकिन्छन्,
रातहरू, चिन्ताजस्तै लम्बिन्छन् ।
ऊ बाँचिरहन्छ
घरका लागि,
नामका लागि
अरूका भोलिका लागि ।
एक दिन घर पूरा हुन्छ,
सबै सुरक्षित देखिन्छन्–
त्यही दिन ऊ
आफैभित्र भत्किन्छ ।
अन्तिम साँझ,
घरको आँगनमा
ऊ शान्त हुन्छ,
जिन्दगी उठाउँदाउठाउँदै
कर्तव्य पूरा भएको दिन
आफ्ना रहरहरू पूरा नहुँदै
उसको आयु पनि सकिन्छ
जिन्दगी चलाउँदाचलाउँदै ।

(anju.chalise@yahoo.com)

कविता

# तिम्रो सम्झनामा



त्रिलोचन सुवेदी

कुनै दिन
यात्रामा निस्किएर हिंड्ने क्रममा
बाटो भुलेर कतै पुगिछौ र हराएछौ भने
मलाई सम्झनू
तिमीसँग प्रेममा परेर छुटेपछि
म उसै गरी अल्मलिएर निस्कन सकेको छैनँ
भेटाउन सकेको छैनँ
मेरो गन्तव्यको स्पष्ट बाटो
जसरी तिमी अल्मलिएकी छौ त्यो ठाउँमा
बाटोहरू धेरै हुँदा पनि
तिमी अल्मलिएर अगाडि बढ्न सक्दिनौ
म यसै रुम्मल्लिएर अघि बढ्न सक्दिनँ
तिमीले सोध्न कोही मान्छे भेटाउँदिनौ
म सोध्न कसैलाई आँट गर्दिनँ
तिम्रा आँखाले बादल र वनबाहेक देख्दैन
मेरा आँखाले तिमीबाहेक देख्दैन
तिमी स्वतन्त्र छौ एक अनकन्टार ठाउँमा
म स्वतन्त्र छु आफैमा
हामी दुवैको यो स्वतन्त्रता
हामीलाई मन परेको छैन

कुनै दिन
यात्रामा निस्किएर हिंड्ने क्रममा
बाटो भुलेर कतै पुगिछौ र हराएछौ भने
मलाई सम्झनू
म तिमीलाई बुझाउने छु
प्रेम पनि अनकन्टार हुँदो रहेछ
सुनसान अनि मौन हुने रहेछ
विकल्पविहीन हुँदो रहेछ
छुट्टिएपछि
तिमी हराएको अन्तिम विन्दुजस्तै ।

(trilochansubedi@050@gmail.com)

कविता

# नआऊ



वासु घिमिरे

जीवन महँगो छ,
व्यवस्थापन कठिन छ,
सिक्नु छ, सिकाउनु छ ।

तिम्रै झल्को तिम्रै तिर्सना,
बरु मलाई छोडिदेऊ सम्झन,
गाह्रो भयो तिमीलाई बिर्सन ।

बरु जाऊ खोली तरेर,
बसाइँ सरेर,
नफर्किने गरेर ।

मनै त हो,
मनलाई बाँधौँला, सकी नसकी हाँसौँला,
तोकिएको समयसम्म बाँचौँला ।

गजल

# गजल



गङ्गा खड्का
(बुढानिलकण्ठ, काठमाडौँ)

आफ्ना मान्छे भए जहाँतहीँ बोली बिक्छ
जसरी मकाइसकेको रूखको जरा टिक्छ ।

निमुखाका कुरा कसले सुन्न जानेको छ र
पाएसम्म नराम्ररी थला पार्ने गरी हिक्छ ।

आफ्नो दुनो सोझ्याउन मात्रै जान्ने मान्छेले
साम दाम दण्ड भेदले आफू बन्न सिक्छ ।

केही पाउने आश भए नजिक हुँदै आउँछ
नत्र त बहाना बनाई सरक्क हात झिक्छ ।

कविता

# जिब्रो

डुकछिरिङ लेप्चा

तिमीले आगो बाल्नू
जानेनौ भने
तिमीभित्रको तिमी
डढेर खरानी हुने छ एक दिन ।
तिम्रो जिब्रो
टाउकोभरि कन्याइरहनुपर्ने जुम्रा पटक्कै होइन ।
तितो, मिठो, टर्रो
अनि
तिमीभित्रको अमिलो गन्हाउने
रोगको गन्धले तिमीलाई
अस्पतालको पुरानो खाटमा
पुऱ्याउन सक्छ ।
यसैले
नुनको स्वाद लिँदै गर है
कतै नुनको भाउ बढेर
किड्नी त खराब भएको छैन.... !
फेर परिकारको खानामा नुनको स्वाद हराउनु हुँदैन ।
पृथ्वीका किराहरूले
बटुलेर पनि
खान सक्छन्-
तिमी बारीमा हाल्ने युरियाझैँ
पनि हुन सक्छौ ।
तर,
तितो र मिठो स्वाद लिने
समय यति बेला नै हो ।
तिमीले जिब्रोलाई
पसलमा पाउने चुइगम नबनाउनू ।
किनकि तिमी प्रयोग गरी फाल्ने
गिलास होइनौ
तिम्रो जिब्रो
अधर्मको दुनिया

चलाएर फर्काइदिने छु भनी लगेको
सापटी पैसा
उसको घरमा पुऱ्याइदेऊ है
जिब्रो घरको मूल दैलो हो ।
सफा राखे अतिथि आएर बस्छ
मैला राखे घरको चुल्हामा
पकाएको मासु बेकार हुनेछ ।

(duktsheringlepcha37@gmail.com)

मुक्तक

# पाँच मुक्तक



डा. श्यामप्रसाद न्यौपाने

साहसी भए काटिन्छन् नि अप्ठ्याराहरू पनि
कर्मठले त पूरा गर्छन् नि अभिभाराहरू पनि
विचलित हुनु हुँदैन, बाटोमा तगारा आए भनेर
अँध्यारोमै त टिम्टिमाउँछन् नि ताराहरू पनि ।।१।।

विश्वलाई नै बन्धुत्वसँग जोडे कस्तो हुन्थ्यो होला
सदाचारतिर आफूलाई मोडे कस्तो हुन्थ्यो होला
अनुकूल भए मात्र मखलेल हुने ए ! बन्धुहरू हो
अर्कालाई गोयबल्स देख्न छोडे कस्तो हुन्थ्यो होला ।।२।।

भत्काउनु भत्काइयो, कतिपय थिति पनि
झेल्दै आउनुपरेको छ अनेक फजिती पनि
लिप्त भइदिनाले भ्रष्टाचारमा अगुवाहरू
समाजसेवा हुन सकेन अब 'राजनीति' पनि ।।३।।

छरपस्ट त छ नि हरेकको हविगत पनि
सम्हालेनन् कसैले पुर्ख्यौली सत् पनि
आफै सगरमाथा बनेर कहाँ हुन्छ र
इज्जत दिए पो पाइने हो इज्जत पनि ।।४।।

सबैलाई सद्भाव र प्रेम दिन जान्नुपर्छ
दुष्कर्मबाट सधैँ अलग्गिन जान्नुपर्छ
ए ! आनन्दको खोजीमा भौँतारिनेहरू हो
आनन्द मनभित्रै हुन्छ, लिन जान्नुपर्छ ।।५।।

कविता

# चेतनाका लहरहरू



शिव नेउपाने
(रूम्तेक, सिक्किम, भारत)

(छन्द : अनुष्टुप)

आयू होस सबको दीर्घ
रोगव्याध कतै नहोस्,
नघेरोस् कष्टले नित्य
सर्वसम्पन्न भैरहोस् ।

चेतना मनको खूलोस्
दिव्य ज्ञान सदा मिलोस्,
अक्षय अन्नको कोश
भरिपूर्ण बनी रहोस् ।

प्राप्त होस् शान्तिको गाँस
गृहयुद्ध कतै नहोस्,
इष्टको साथ होस् नित्य
जिन्दगी अर्थपूर्ण होस् ।

वाणिमा शुद्धता आवोस्
धर्ममा मन गाँसियोस्,
नकारात्मक सबै सोच
एकाएक ति नासियोस् ।

मातापिता गुरु इश्वर
पुज्यणिय बनुन् सधैँ,
कनिष्ठ करूणादायी
जेष्ठ सम्मान हुन् सबै ।

देहमा दिव्यता छावोस्
इन्द्रिय मजबूद हुन्,
धर्मको साथमा नित्य
शुभ कर्म हुँदै रहुन् ।

गीता ज्ञान महाकाव्य
ग्रन्थ ग्रन्थादि पाठ होस्,
साहित्य पथमा नित्य
कृति सम्मान प्राप्त होस् ।

समाज देश रक्षामा
विलम्ब कहिले नहोस्,
चरित्रको गरी ख्याल
मित्रतापन गाँसियोस् ।

भोजन्मा शुद्धता आवोस्
सभ्यता कर्ममा रहोस्,
दुःख सुख सबैमा नै
समदृष्टि सदा बनोस् ।

अन्तकाल बनोस् सौम्य
कष्टकर नहोस् कतै,
जिह्वामा राम नामै होस्
प्रार्थना यै गरौँ सधैँ ।

(premneopaney222@gmail.com)

कविता

# टुक्का कविता

लक्ष्मीदास शर्मा (भुटान)

आत्मा मात्र सत्य हो बाँकी सबै छाया
बाहिरी देखिने रूप अस्थायी माया ।

मनु मगर, काठमाडौँ

जनै पूणिमा आयो रक्षा बन्धन गर्ने
संस्कृति मनाउँदै मनमा खुसी भर्ने ।

ताराप्रसाद चापागाईं

ठुला बाधाहरू पनि सामान्य भई टर्छ
हुन्छ भलो सधैँभरि सत्कर्म गर्नुपर्छ ।

तिलक गाउँले

देश र आमालाई पूजापाठ गर्नु राम्रो
जोगाउन सक्नुपर्छ नेपाली धर्म हाम्रो ।

कविता

# कविजीको झोला

**रामेश्वर जलन**
**(बुद्धमति २२, काठमाडौँ)**

युगीन पुरानो
घरबुन्ने कपडामा निर्मित
नेपालको झन्डा अङ्कित
सादा कपडाको झोला बोकेर
लुरुरु-लुरुरु यात्रामा छ कविजी
कविको झोलामा
एक थान पुरानो डायरी, डट्पेन
राष्ट्र, राष्ट्रियता र स्वाभिमान भेटिन्छ
आफू पनि बाँचौँ, अरूलाई पनि बचाऔँ
प्रस्ट देखिन्छ
स्वपहिचान, जन्मभूमिको माया
सद्भाव, समाज कल्याणको छाया
आस्था र विश्वासको शिखर यात्रा
तन्मय, मन्मयसाथ हिँडिरहन्छ
कविजी सामाजिक
सांस्कृतिक राजनीतिक गौप्राणी
सभ्यता, संस्कारको उद्घोष गर्ने उनको वाणी
यस अर्थमा,
ऊ राजनीतिबाट पनि टाढा छैन
दूषित राजनीतिबाट पनि गाढा छैन
आज उनको हार्दिक आह्वान
राष्ट्र, राष्ट्रियता र स्वाभिमानको सम्मान हो ।
स्वार्थको दलदलमा

वैयक्तिक मतलबमा
कदापि भाँसिन चाहँदैन

यसर्थ,
उसको झोलाको अग्र भागमा लेखिएको छ
अखण्ड नेपाल, स्वतन्त्र नेपालीको चाहना
शान्ति, सदिच्छा, उदारताको हार्दिक कामना ।

(rameshwarjalanshrestha@gmail.com)

कविता

# छोटो छ जीवन.!



**नीता गुरूङ भाटिया**
**(असम, भारत)**

छोटो जीवन छ
कहिले छुटी जाने हो
थाहा छैन
जसैतसै खुसी
भएर जीवन बिताऔँ

यदि कोही सामु नभए
उसलाई याद गरी
उसको आवाजमा
रमाउँदै जीवन बिताऔँ

कसैको सित्तैमा रिसाउने
बानीले मनलाई दुखाउने गर्छ
उसको यो बानीलाई
मधुर प्रेमको इसारा सम्झी
जीवन बिताऔँ

कोही फर्की नआउने गरी
छोडेर जान्छन्
उनीसँग बिताएका ती
तितामिठा क्षणलाई
याद गर्दै, जीवन बिताऔँ

खुसी आउला कि भनेर
बाटो किन हेर्नु, बरू...
अरूको ओँठको मुस्कानमा
रमाएर खुसी भई
जीवन बिताऔँ

किन कल्पिन्छौँ सधैँ
अरूको साथ पाउन
कहिलेकाहीँ आफैमा मस्त भई
जीवन बिताऔँ

छोटो छ जीवन, त्यसैले
हाँसीखुसी जीवन बिताऔँ ।

कथा

# राज्य दान



डा. जयप्रसाद लम्साल

श्रीपुर नामको एउटा राज्य थियो । त्यस राज्यका राजा धर्मविक्रम सिंहको मृत्यु भयो । युवराज विनयविक्रम सिंहलाई राज्यारोहण गराइयो । मृतक राजाको दाहसंस्कार गरियो र क्रियाकर्मको काम सुरु भयो ।

क्रियाकर्मको कामसँगै नयाँ राजा र दरबारका कर्मचारीबिचमा के के दान गर्ने र त्यसका लागि कति खर्च लाग्छ भनेर हिसाब हुन थाल्यो । यसबारेमा गुरुपुरोहितबिचमा पनि कुराकानी चल्न थाल्यो ।

एक जना पुरोहितले भने, 'धर्मविक्रम राजाले उनका बाबुको क्रियामा एउटा हात्ती, दुईओटा घोडा, पन्ध्रओटा गाई र त्यत्तिकै सुन, चाँदी, नगद, लुगा कपडा र ठुलो कित्ता खेत दान गरेका थिए । अहिलेका राजाले के कति दान गर्ने हुन् ।'

अर्का  एक जना पुरोहितले भने, 'आजको जमानामा हात्ती, घोडा, गाई र गाउँको खेत दान गरेर के काम ?  हात्ती, घोडा, गाई कसले पाल्ने ? गाउँको खेत के गर्ने ? न कमाउन सकिन्छ, न विक्री हुन्छ । त्यसैले अब दान गर्दा समयअनुसार कार, टेलिभिजन, कम्प्युटर, मोबाइल फोन, वासिङ मेसिन, रेफ्रिजेरेटर, सहरको घडेरी, सुन, चाँदी र नगद दान गर्ने चलन बसाल्नुपर्छ ।'

तेस्रो पुरोहितले भने, 'गुरुले चित्त बुझ्ने कुरो गर्नुभयो । मृतक राजाले कार चढ्थे, टेलिभिजन हेर्थे, कम्प्युटर र मोबाइल चलाउँथे । त्यसैले यस्तै कुराको दान हुनुपर्‍यो । यो कुरो मूल पुरोहितले नयाँ राजाका कानमा पुर्‍याउनुपर्‍यो ।'

मूल पुरोहितले भने, 'दानको कुरो लिएर राजाकहाँ जानु उचित होला र ?'

अन्य गुरुपुरोहितले भने, 'किन उचित नहुने, राजाले पनि समयअनुसार चल्नुपर्छ नि ।'

मूल पुरोहितले राजासँग भेट गर्ने समय मागे । राजाले पनि गुरुपुरोहितलाई तुरुन्तै भेट दिए । राजासँगको भेटमा गुरुपुरोहितले आफ्ना कुरा राखे । राजाले गुरुपुरोहितको कुरो ध्यान दिएर सुने र विभिन्न कुरामा उनीहरूसँग सबालजबाफ पनि गरे ।

राजाले भने, 'गुरुहरूको समय सन्दर्भअनुसारको दान हुनुपर्‍यो भन्ने कुरोमा मेरो ध्यानाकर्षण भयो । दान गर्दा गाउँको जमिनको सट्टा सहरको घडेरी दान हुनुपर्‍यो भन्ने कुरो पनि आयो । मेरा पिताजीलाई गाउँ वा सहरको एक टुक्रा जमिनको कुनै अर्थ छैन । उहाँ त राजा हो, उहाँले जमिनको टुक्राभन्दा राज्य नै पाउँदा राम्रो । दान गरेको वस्तु उहाँको हात पर्छ भने म उहाँलाई यो राज्य दान गर्न सक्छु । पिताजीको विलक्षण बुद्धि र साहसले जोगाएको राज्य म उहाँलाई नै जिम्मा लगाएर विन्दास जीवन बाँच्न चाहन्छु । भन्नुहोस् उहाँका नाममा दान गरेको वस्तु उहाँको हात पर्छ ?'

एक जना पुरोहितले भने, 'मेरो कुरो बिन्ती गरौँ, सरकार ।'

'यहाँलाई अनुमति छ ।'

'शास्त्रमा दान गरेको वस्तु सम्बन्धितका हातमा पर्छ भनेर लेखिएको छ । राज्य दान गर्न

सम्भव नभएकाले राजालाई पनि जमिनै दान गर्ने चलन बसेको होला ।'
राजाले भने, 'गुरुले शास्त्रको कुरो उठाउनुभयो । शास्त्र लेख्ता खोजअनुसन्धान गरेर सत्यतथ्य नै लेखिन्छन् भन्न सकिँदैन । शास्त्रमा लेखिएका अष्ट चिरञ्जीवीहरू कहाँ छन्, कहीँ भेट् नुभएको छ ? शास्त्रले पृथ्वीलाई शेष नागले बोकेको भन्छ । पृथ्वी नागले बोक्न सक्ने कुरो हो ? शास्त्रमा पृथ्वीमुनि सात र पृथ्वीमाथि छ गरेर पृथ्वीसहित चौध लोक छन् भनेर लेखिएको छ । पृथ्वीको तल, माथि र वरिपरि आकाशैआकाश व्याप्त छ, शास्त्रमा भनिएका तेह्र लोकका बारेमा केही भन्न सक्नुहुन्छ ? राज्य दान सम्भव छैन भन्नुभयो, अरू राजाले राज्य दान नगर्लान् तर म जमिन होइन राज्य नै दान गर्न तयार छु ।'
गुरुपुरोहितले धेरै कुराको जानकारी राख्ने पढालेखा राजासँग सबालजबाफ गर्न सम्भव छैन भन्ने बुझे र मौन रहे ।
राजाले फेरि भने, 'ल मृतक मानिसले कुनै ठाउँमा जीवन धारण गर्छ रे । उसले दानको वस्तु पनि प्राप्त गर्छ रे । उसले दानबाट प्राप्त वस्तुको उपभोग गर्छ होला । मैले पिताजीका नाममा मोबाइल फोन दान गरेँ भने उहाँले त्यो फोन प्रयोग गरिबक्सेला । उहाँले फोन प्रयोग गरिबक्सियो भने उहाँको फोनबाट मेरो फोनमा घन्टी आउला नि त, आउँछ ?'
लामो मौनतापछि एक जना पुरोहित बोले, 'लोक फरक परेकाले फोन त नआउला सरकार ।'
राजाले भने, 'दान गरेको सामान चाहिँ त्यो लोकमा जाने तर उताबाट चाहिँ आवाज मात्र पनि यता नआउने हुन्छ ? म फेरि यहाँहरूलाई सोध्न चाहन्छु, मृतक मानिसले मरेलगत्तै मानिसकै जीवन धारण गर्छ ? उसका लागि गरिएको दान उसकहाँ पुग्छ ? आफ्नो विवेकले तर्कयुक्त जबाफ दिनुहोस् ।'
गुरुपुरोहित केही नबोली शिर निहुराएर बसे । त्यसपछि राजाले भने, 'मैले सोधेको प्रश्नमा हजुरहरूबाट प्रस्ट जबाफ आएन । आजै म मृतकका नाममा गरिने दानका विषयमा एउटा सन्देश दिन्छु ।'
राजा उठेर हिँडे । गुरुपुरोहित पनि उठे र मुखामुख गर्दै बाटो लागे । राजाले बेलुका एउटा सन्देश प्रसारण गरे :
श्रीपुरबासी दाजुभाइ दिदीबहिनीहरू
पूज्य पिताजीको देहावसानपछि म यो दोस्रो सन्देश प्रसारणमा छु । हाम्रो राज्यमा मृतकका नाममा दान गर्ने लौकिक प्रचलन छ । मृतक मानिसले तुरुन्तै अर्को जीवन धारण गर्छ र उसका नाममा दान गरेको वस्तु उसले पाउँछ भन्ने कुनै प्रामाणिक आधार पाइदैन । तर पनि मृतकका नाममा दान गरिन्छ । यसले निर्धन परिवारमा पीडामाथि पीडा थप्ने गरेको छ । ज्यालामजदुरी गरेर परिवार पाल्ने व्यक्ति बितेको छ भने उसका टुहुरा सन्तानलाई काजक्रिया र सानोतिनो दान गर्न पर्वत फोर्नु जस्तै हुन जान्छ । यस कुराले हप्ता दिनभित्रै कानुन तर्जुमा गरी मृतकका नाममा गरिने दानको प्रचलनलाई बन्द गर्ने घोषणा गर्दछु । अब बन्ने कानुनअनुसार पिताजीका नाममा पनि कुनै प्रकारको दान गरिने छैन । आर्थिक अवस्था राम्रो हुनेले परिवारका मृतक सदस्यका नाममा केही गर्न चाहन्छन् भने विद्यालय भवन, अस्पताल भवन, वृद्धाश्रम, अनाथ आश्रम, अपाङ्गता भएका व्यक्तिका लागि पुनर्स्थापना केन्द्र, पार्क, पोखरी आदि निर्माणका लागि आह्वान गर्दछु । राज्यले यस्ता नागरिकलाई आवश्यक सहयोग र सम्मान गर्ने छ । म मेरा पिताका नाममा उहाँको निजी सम्पत्ति र मेरो खर्च

कटौतीबाट पाँच विद्यालय भवन र त्यतिकै सङ्ख्यामा अस्पताल भवन, वृद्धाश्रम, अनाथ आश्रम, अपाङ्गता पुनर्स्थापना केन्द्र र तीन, तीनओटा पार्क र पोखरी निर्माण गर्ने घोषणा गर्दछु । श्रीपुर बासीको कल्याण होस् । जय श्रीपुर ।

राजाको यस सन्देशको चौतर्फी स्वागत भयो । गुरुपुरोहित चाहिँ राजाको सन्देशका बारेमा छलफल गर्न भूमिगत शैलीमा भेला भए । त्यस भेलामा गुरुपुरोहितहरू राजाको सन्देशको पक्ष र विपक्षमा देखिए ।

राजाकै एक जना पुरोहितले भने, 'यी राजा त चार्वाकका चेलाजस्ता रहेछन् । उनले धर्म परम्परा मास्ने देखियो । उनले दिएको सन्देशको कडा विरोध हुनुपर्‍यो ।'

राजाका मूल पुरोहितले भने, 'भुइँको टिप्न खोज्दा पोल्टाको पनि खस्यो । मलाई राजासँग भेट्न कर गर्ने तपाईं नै हो । हाम्रै कुराले राजाले तत्काल यस्तो घोषणा गरे । राजाको यस घोषणाको जतातत्तै स्वागत भइरहेछ । यसै बेला हामीले घोषणाको विरोध गर्दा लोकले के भन्ला ? यो गर्न सकिँदैन । म त राजाको घोषणाको स्वागत गर्दै विज्ञप्ति निकाल्छु ।'

लघुकथा



# घाटाको व्यापार

**प्रमोद नेपाल**
**(वीरगन्ज, हाल काठमाडौँ)**

'अचेल के गर्दै हो साथी, झ्याउरो देखिएका छौ नि ?' बाटोमा भेट हुँदा रमेशले माधवलाई सोध्यो । रमेश र माधव एउटै कार्यालयमा काम गर्थे र सँगै अवकाश प्राप्त गरेका हुन् । रमेशलाई माधव पहिले झैँ चुस्तदुरुस्त लागेन ।

'अचेल घाटाको व्यापार गर्दै छु साथी !' माधवले रमेशलाई भन्यो ।

'समाज सेवा हो ?' रमेशले जिज्ञासा राख्यो ।

'अब त्यै भन्नुपर्ला ।' माधवले सोझो जवाफ दिएन ।

'के भन्या त्यस्तो साथी ?' रमेशले अचम्म मान्दै सोध्यो ।

'हेलो !' माधव मोबाइल फोनमा अरूसँग कुरा गर्दै रमेशलाई त्यहीँ छाडेर हिँड्यो ।

'के चाला हो यसको, आधाअधुरो कुरा गरेर हिँड्यो !' रमेश माधवप्रति आक्रोशित हुँदै फत्फताउँदै आफ्नो गन्तव्यतिर लाग्यो ।

'ए रमेश !' अलि पर मात्र के पुगेको थियो माधवको आवाजले रमेश टक्क अडियो । माधव फटाफट हिँडेर ऊतिरै आइरहेको थियो ।

'के हो यस्तो चाला, केही नभनी हिँड्यौ त ?' रमेश माधवसँग गुनासो पोख्दै थियो ।

'कहाँ साथी, एउटाको फोन आयो, त्योसँगको कुरो तिमीलाई सुनाएर किन बोर गर्नु भनेर अलि पर गा'को, तिमी त हिँडेछौ !' माधव स्पष्टीकरण दिँदै थियो ।

'अघि घाटाको व्यापार भन्दै थियौ नि, प्रस्ट पार्छौ कि ?' रमेशले सम्झायो । माधवले भन्यो, 'के भनुँ साथी ! सेयर बजारमा लगानी गरेको चुर्लुम्म डुबियो, अनि भएन त घाटाको व्यापार ?'

कथा

# अधिकार हराएको चित्र



टीकाराम पोखरेल

राजधानी सहरको प्रदर्शनी केन्द्रमा भव्य फोटो प्रदर्शनी आयोजना गरिएको थियो । म पनि त्यो प्रदर्शनी हेर्न पुगेको थिएँ । प्रदर्शनीमा राखिएका फोटाहरू हेर्दै जाँदा अचानक एउटा चित्रले मेरो ध्यान खिच्यो । ध्यान खिच्ने चित्र कुनै सुन्दरी नारीको थिएन । एउटा बालकले होटलमा आफूभन्दा ठुला आकारका देखिने भाँडा माझिरहेको दृश्य थियो । म टक्क चित्रमा अडिएँ । मनमस्तिष्क मथिङ्गल भयो । थप चित्रतिर पाइला बढाउन सकिनँ । पूर्वस्मृतिले मलाई झक्झक्यायो ।

सुदूरपश्चिमको एउटा अर्द्धविकसित गाउँमा मानव अधिकारको अवस्था अनुगमनका लागि हाम्रो टोली पुगेको थियो । भर्खरै मोटर बाटोका लागि डोजर कुदेको त्यो गाउँमा कच्ची बाटोको छेउमा साना साना छाप्रे होटलहरू बन्न लागेका थिए । मोटर बाटोका लागि भिर, पहाड, खेतबारी भत्काउन सुरु गरेको भए पनि सदरमुकामसम्म मोटर पुगेको थिएन । गाउँ गाउँमा गाडी नपुगेकोले हिँड्नुको विकल्प थिएन । तीन दिन पैदल हिँडेर सदरमुकाम पुगिन्थ्यो । बाटोमा बास बस्नका लागि खाने र बस्ने तिनै मध्यम आकृतिका गाउँले शैलीका होटल थिए । बाटामा पर्ने एउटा मध्यम आकृतिको घरमा झुन्ड्याइएको बोर्डमा लेखिएको थियो- होटल मिष्ठान्न । अनि त्यसको तल लेखिएको थियो, 'यहाँ खाना र बस्नको राम्रो प्रबन्ध छ । प्रोपाइटर - श्रीमती सुशीला कठायत ।'

भोक लागेको थियो । हामी त्यही श्रीमती सुशीला कठायतको होटलमा खाना खान पस्यौँ । एउटा अनुमानित दशएघार वर्ष जतिको देखिने बालक होटलमा भाँडा माझ्ने काम गर्दै थियो । हुन त खुलेदेखि अहिलेसम्म त्यो होटलमा हामीजस्ता धेरैले भोजन गरे होलान्, धेरैले त्यो बालमजदुर देखे होलान् तर मानव अधिकारसम्बन्धी काममा नै गएकोले होला सायद उसमाथि हाम्रो आँखा अलि बढी नै केन्द्रित भएको हुनुपर्छ ।

पसलकी साहुनी उर्फ प्रो. सुशीला कठायतका गफ सुन्दा निकै चल्तापुर्जा लाग्थिन् । एकातिर उनी हाम्रा लागि खाना बनाउने काम गरिरहेकी थिइन्, अर्कातिर उनी हामीसँग समाजसुधारदेखि गाउँले राजनीतिसम्मका कुरा गर्न पनि भ्याइरहेकी थिइन् । कहिलेकाहीँ विभिन्न पार्टीका केन्द्रीय स्तरका एकदुई ठुला नेताको नाम पनि लिन्थिन् । मलाई लाग्यो, 'प्रो. श्रीमती कठायत बाठी मात्र होइन, चाहिनेभन्दा बढी बाठी रहिछन् । नत्र कुरा चाहिँ राजनीति र समाज सुधारका, अनि व्यवहारमा चाहिँ यस्तो बालमजदुर किन राख्थिन् ?'

म बालमजदुरको बारेमा सोच्दै थिएँ अनि ती श्रीमती कठायतका बारेमा । उनको धृष्टतामाथि म मनमनै प्रश्न गर्दै थिएँ, 'किन राखिन् यी महिलाले बालमजदुर ? के यिनले काम लगाउने अरू कुनै मान्छे पाइनन् ? बालकलाई किन काममा लगाउँछिन् र आफू चाहिँ आदर्शका कुरा गर्छिन् ? अधिकारका कुरा गर्छिन् तर अधिकार हनन गर्छिन् । कुरा एउटा काम अर्को ।

बहुरूपी चरित्र ।'

मैले यति सोच्दा नसोच्दै त्यो बालकले आफूभन्दा ठुलो डेक्ची मात्र माझिसकेन, केही सानातिना गिलास र चम्चा पनि माझ्न भ्यायो । भाँडा सकेर उसले चिसो हात आफ्नै शरीरको थोत्रा कपडामा दल्यो । बाहिरबाट ती माझिएका भाँडा साहुनीले भात पकाएको ठाउँमा पुऱ्यायो र बाहिरपट्टि हामी बसेको केही नजिक आएर बस्यो ।

मनको कौतूहल मेट्न मैले पहिले बालकलाई सोधेँ, 'बाबु तिम्रो नाम के हो ?'

'सन्ते ।' उसले भन्यो ।

'सन्ते के त ?' मेरो थप प्रश्न ।

ऊ अलमलियो । मैले थर सोधेको भन्ने सायद उसले बुझेन कि ?

बालकमाथिको मेरो प्रश्न भित्रबाट साहुनीले पनि सुनिराखेकी रहिछिन् । साहुनीले भनिन्, 'यसको नाम सन्तबहादुर धामी हो तर गाउँको चलन, सबले नाम बिगारेर 'सन्ते' भन्छन् । ऊ पनि त्यही नाममा दङ्ग छ ।'

मलाई मनमनै लाग्यो, 'दङ्ग त किन हुन्थ्यो तर जसले पनि 'सन्ते' 'सन्ते' भन्दा उसलाई अब त्यो नाम सामान्य लाग्न थालेको होला । फेरि सन्तबहादुर भनेर चिन्ने पनि कसले ?'

'उमेर कति भयो ?'

फेरि पनि केही बोलेन ऊ ।

'अनि घरमा को को छन् ?'

फेरि पनि केही बोलेन ।

सन्तबहादुर केही नबोलेपछि सन्तबहादुरका बारेमा जान्न म साहुनीतर्फ सोझिएँ, 'साहुनी यो सन्तबहादुरको घरमा को को छन् ?'

बझाङी लवजमा साहुनीले कथा भन्न सुरु गरिन् :

'सन्तेका घरमा उसका बाबु र आमा थिए अनि तीनओटा साना साना बालबच्चा । परिवारको नाममा भएको जग्गाजमिनले मात्र परिवारलाई खान पुग्दैनथ्यो । छ वर्षको सन्तबहादुर, उसकी बहिनी वर्ष चारकी गौमती र भाइ दुई वर्षको वीरेलाई सन्तेकी आमासँग छोडेर पाँच वर्षअगाडि सन्तेका बाउ मजदुरी गर्न मुम्बइ गएका थिए । दुई वर्ष बस्दा अलि अलि कमाएर त ल्याए, सँगै एड्स पनि बोकेर ल्याएछन् । सुरुमा यो कुरा थाहा भएन । पछि यो रोग सन्तेकी आमालाई पनि सरेछ । आमालाई समेत सरेपछि पो बल्ल सन्तेको बाबुलाई पनि एड्स छ भन्ने थाहा भयो । दुई वर्षअगाडि सन्तेको बाउको मृत्यु भयो । गत वर्ष आमा पनि बितिन् । अनि यिनीहरूको बिल्लीबाठको कथा त्यहीबाट सुरु भयो ।

अहिले सन्ते एघार वर्षको भयो । बहिनी नौ र भाइ सात वर्षका भए । बस्ने सानो घर त छ तर गरिखान प्रशस्त जमिन छैन । अलि अलि भएको जमिनमा पनि यी टुहुरा बालबालिकाले कसरी खेतीपाती गरेर खाउन् । यिनीहरूलाई देखेर 'चुँचुँचुँ' गर्ने धेरै छन् तर यिनलाई लगेर पाल्ने कोही छैनन् । न आफन्त न छिमेकी । के गर्ने हजुर सहानुभूति दिनु र सहयोग गर्नुबिच ठुलो अन्तर रहेछ । यिनका कथा सुनेर धेरैले यिनीहरूमाथि सहानुभूति ओइऱ्याए । ओइऱ्याइएको सहानुभूतिले भकारी भरिसकियो तर सहयोग कतैबाट छैन, पेट सधैँ रित्तो । सहानुभूतिले पेट नभरिने रहेछ त ?

सन्तेका बाबुआमा त मरे तर यी मर्न सकेनन् । मरून् पनि कसरी ? कति दुःख पाउन भाग्यमा लिएर आएका छन् । हेर्नुस् हजुर ! राज्य यिनीहरूलाई खान दिन पनि सक्तैन, मारिदिन पनि सक्तैन । बिल्लीबाठ छ यी तीन बच्चाको । न गरिखाने उमेरका छन् । न केही बुझ्छन् । घरका तीनमध्ये सन्ते सबैभन्दा ठुलो हो । यसलाई घरको अभिभावक बुझ्नुहुन्छ कि बाबुआमा अथवा घरमूली जे भन्नुहुन्छ यही हो । यसकी नौ वर्षकी अर्की बहिनी छे, सात वर्षको भाइ पनि छ । नौ वर्षकी बहिनी घरमा बसेर सात वर्षको अर्को भाइलाई हेरचाह गर्छे । दिनभरि सन्ते मकहाँ आएर मलाई काममा सघाउँछ । म होटलमा बचेखुचेको खानेकुरा दिन्छु । लगेर भाइबहिनीलाई खुवाउँछ । यसले चाहिँ यहीँ खान्छ ।

के गर्ने हजुर ! तपाईंको मानव अधिकारले त बच्चालाई काममा नलगाऊ त भन्छ तर विकल्प दिन सक्तैन । अलपत्र परेका यी बच्चाको हेरविचार गर भनेर सरकारलाई त भन्दिनुहोला तर सरकारले हेरिविचार गरेन भने चाहिँ के गर्नुहुन्छ हजुर ? कि आफै लगेर पाल्नुहुन्छ ? उसले प्रतिप्रश्न गरी हामीलाई नै ।

मैले खान नपाएर यी बच्चा मरेको हेर्न पनि सकिनँ । काम नगराई पाल्न पनि मेरो हैसियत छैन । मैले पनि कति दिन धानौँ । कुनै दिन कोही उद्धारकर्ता भेटि पो हालिन्छ कि भन्ने झिनो आशामा जेनतेन यिनीहरूको ज्यान बचाइदिएको हुँ । बच्चालाई काम लगाएर अपराध गरेँ कि, उनीहरूको ज्यान बचाएर धर्म गरेँ, त्यो तपाईंहरूको मानव अधिकारले नै जानोस् । बरु सक्नुहुन्छ भने कतै अनाथालयमा लगेर यिनीहरूलाई राखिदिनुस् न हजुर ! यिनीहरूको उद्धार हुन्छ, तपाईंहरूको मानव अधिकारको कर्म पनि चल्छ ।'

साहुनीले हामीसँग अलि अलि आक्रोश, अलि अलि आग्रह र अलि अलि व्यङ्ग्यमिश्रित शैलीमा सन्तेको कहानी भनिन् ।

त्यसपछि साहुनीप्रतिको मेरो धारणा परिवर्तन भयो । साहुनीले ती बच्चाको कथा भन्नुअगाडिको वितृष्णा अब सरकारप्रति सोझियो । सरकार कुरा गर्छ, भाषण गर्छ, काम गर्दैन । सरकार नागरिकको जीवनस्तरको तथ्याङ्क सङ्कलन गर्छ तर यसरी एघार वर्षको बच्चाले मजदुरी गर्दै अरू दुईओटा नौ र सात वर्षका बच्चा पालेको कथा उसको तथ्याङ्कमा कतै भेटिँदैन । तथ्याङ्क छ त सबै ठिकठाकवाला मात्र ।

बालक हराएको सूचना धेरै पढियो । बालकको अस्तित्व हराएको सूचना भने यहाँ देखियो । कोही सन्तेको ख्याउटे चित्र बेचेर मोटाए । कोही यही बालकको भोको पेट भजाएर अघाए । कसैले यसैका थोत्रा लुगाको फोटो बेचेर टाइसुट भिरे । यही बालकका नाममा राजनीति गर्नेले चुनाव जिते, समाजसेवी भन्नेले सम्मानको पगरी गुथे । लेख्ने कथाकार भए, कुचीकलममा खेल्नेहरू चित्रकार भए । बालकको नाममा यी सबैले जिते, मात्र त्यो बालकले हार्‍यो ।

प्रदर्शनीमा अरू पनि फोटाहरू राखिएका थिए । एक से एक फोटाका बिचमा भाँडा माझ्दै गरेको एघार बर्सै सन्तेको ख्याउटे फोटोले प्रथम स्थान पायो । त्यो बालक भने अहिले पनि त्यही होटलमा भाँडा माझिरहेको छ जहाँ मैले उसलाई भेटेको थिएँ ।

(tikaram.pokharel@gmail.com)

लघुकथा

# वृद्धभत्ता

**गंगाप्रसाद अधिकारी**
**(मेचीनगर ३, खम्बुटार, झापा)**

एक जना वृद्ध आमालाई एउटी अधबैँसे महिलाले डोऱ्याउँदै बैङ्कमा लिएर गइन् । बैङ्कको कारोबार माथिल्लो तलामा हुने भएकाले सिँढी चढ्नुपर्ने थियो । आमालाई दम रहेछ । सिँढी चढ्न गाह्रो भयो । महिलाले आमालाई त्यहीँ बस्न भनिन् र आमाको पर्सबाट चेक झिकिन् । माथि उक्लिइन् ।

आमाले वृद्धभत्तालगायत आफ्नो थप रकम पनि बैङ्कमा राख्नुभएको रहेछ । बैङ्कका कर्मचारीले आमाको अशक्त अवस्था बुझेपछि बैङ्कको गार्डलाई साक्षीका रूपमा पठाए । गार्डको साक्षीमा आमाले चेकमा रकम बुझेको सहीछाप गर्नुभयो । त्यसपछि सहीछाप भएको चेक लिएर महिला बैङ्कको कार्यकक्षमा उक्लिइन् ।

चेक निकै रकमको रहेछ । बैङ्क कर्मचारीले महिलालाई ठुला दरका दुई बिटा र ठुलादेखि सानासम्मका नोट भएको एउटा बिटोसहित तीन बिटा नोट र केही रेच्की पैसा पनि दिए । महिलाले ठुला दरको नोटको एउटा बिटो आफ्नो पर्समा राखिन् र बाँकी नगद हातमै लिएर तल ओर्लिन् र आमालाई 'आमा ! तपाईंको पैसा । रामरी राख्नुहोला है ! हराउला नि !' भन्दै आमाको पर्समा राखिदिइन् । आमा मक्ख पर्नुभयो र स्वाँस्वाँ गर्दै बाटो लाग्नुभयो ।

(adhikarigangapd@gmail.com)

गीत

# वृद्धभत्ता

**लीलाराज दाहाल**

भोकमरी पो लाग्ने हो कि साँच्चै यो पालि
अनिकाल पो लाग्ने हो कि चुलो नबली ।

धाँजा धाँजा भयो खेत कहालिन्छ यो मन
बिउ सबै मरिगयो भक्कानिन्छ यो मन
कतै भोक आउने हो कि बजाउँदै थाली
अनिकाल पो लाग्ने हो कि चुलो नबली ।

स्वर्गको टुक्रा तराई अन्नको यो भण्डार
चारैतिर फैलाउँथ्यो साँच्चै सहकाल ।
यता मात्रै खँडेरी छ, सुक्यो सबै बाली
अनिकाल पो लाग्ने हो कि चुलो नबली ।

# न्यानो

श्यामप्रसाद श्रेष्ठ

'देश त लथालिङ बनायो नि !' आकाशले चियाको सुर्को तान्दै मनभित्रको असन्तोष पोख्यो । पुस महिनाको बिहानको दिन थियो । होटेलको आँगनमा पारिलो घाम ताप्दै चिया पिइरहेका ३/४ जना युवा थिए ।

'हो, नेताहरूले !' पवनले समर्थन गर्दै कुरा थप्यो ।

'नेताहरू मात्र पनि होइन !'

'नेता मात्र नभए अरूको हो त ? भ्रष्ट कर्मचारीहरू !'

'उनीहरू मात्र पनि हैन !'

'अनि को ? अविवेकी जनता ?'

'जनता मात्र पनि हैन !'

'त्यसो भए पाटी{को अन्धभक्त झोले कार्यकर्ताहरू ?'

'तिनीहरू मात्र पनि हैन !'

'अनि को हो त ?'

'तिनीहरू कोही हाम्रो गाउँटोलमा, सहरबजारमा, जागिरदार छन\, स्वतन्त्र व्यवसायी छन\ । तिनीहरू कोही सत्ताको रापमा छन\, कोही सत्ताको तापको आशमा छन\ ।'

'को हुन त तिनीहरू ?'

'देश जल्दा आफ्नो बौद्धिकता बन्धक राखी पर्दापछाडि मौन बसेर आगोको रापमा न्यानो मानिरहने बौद्धिक वर्ग नै प्रमुख जिम्मेवार हुन\ । तिनीहरू कोही सल्लाहकार पनि छन\ ।'

(shyampdstha64@gmail.com)

शब्दाङ्कुरका वितरक
साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स
चावहिल, काठमाडौँ,
फोन : ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

**काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ**
**अक्षरधाम प्रकाशन, बागबजार**
**सम्पर्क : ०१-५९२२७०७/९८६००५६०५२/९८५११५७१९३**
akshardhamprakashan@gmail.com | akshardham.com.np

निबन्ध

# अभौतिक प्रेम

रणभीम

**मसँग पनि तिम्रो जस्तै** मगज छ । म पनि तिमीले जसरी नै सोच्छु, कल्पना गर्छु, हराउँछु भावनामा, कल्पनामा, एकान्तमा । म पनि तिमीझैँ प्रेमिल छु, सानो कुरामा भावुक हुन्छु । म पनि मायालु छु । मभित्र प्रेम गङ्गा छ, अझ भनौँ सागर, जहाँ अथाह प्रेमहरू छन्, जो कहिल्यै नपोखिएका र कहिल्यै पोख्न नसकिने ।

म पनि तिमीजस्तै खुसी हुन्छु, हाँस्छु, कराउँछु, रमाउँछु, उमङ्ग हुन्छु, दङ्ग पर्छु । म पनि दुःखी हुन्छु तिमी जस्तै, तिमी जस्तै रुन्छु, डराउँछु, आफैसँग बरबराउँछु । तिमीजस्तै कसैको यादमा हराउँछु । म रिसाउँछु पनि कहिलेकाहीँ तर रिसाउनका लागि मसँग बहानाहरू नै छैनन् । त्यसैले कहिलेकाहीँ आफैसँग रिसाउँछु ।

मैले पनि तिमीले झैँ कसैलाई प्रेम गरेको छु, मन पराएको छु, मनैबाट माया गरेको छु । घण्टौँघण्टा, दिनौँदिन र कैयौँ हप्ता महिना उसैको यादमा हराएको छु । बिहान उठ्नेबित्तिकै उसैलाई सम्झिएको छु खुसी हुँदा उसैलाई, दुःख र मन भारी हुँदा पनि उसैलाई । प्रेमिल जोडीहरू देख्दा म उसैलाई सम्झन्छु । ऊसँगै आफू पनि भएको कल्पना गर्छु । जोडी चरा, जनावर, जीव र किराहरू देख्दा पनि उसैको याद आउँछ ।

म चाहन्छु उसलाई हरबखत आफ्नो पासमा । उसलाई म सधैँका लागि आफ्नी बनाउन चाहन्छु । म पनि चाहन्छु उसको आँखामा हेरेर घण्टौँ बिलाउन, उसको लोलाएको हात समाएर क्षितिजभन्दा परसम्मको दूरी पार गर्न । म चाहन्छु उसको त्यो कोमल स्पर्श, उसका ती ताता श्वासहरू मेरा कानहरूमा छरिएर तरङ्ग पैदा गरेको महसुस गर्न । उसका ती काला लामा कपाल चलाउँदै उसलाई आफ्नो अँगालोमा कस्न चाहन्छु । चाहन्छु म महसुस गर्न उसका ती धड्कनका चालहरू । घण्टौँघण्टा सँगै बसेर बादल, हावा, आकाश, माटो, पानी, यी सबै हेर्दै उसको मन बुझ्न र आफ्नो मनका सारा राजहरू एकै क्षणमा, एकै श्वासमा पोख्न चाहन्छु ।

जब उनी गहिरो निद्रामा मस्त निदाउँछिन्, हेर्न चाहन्छु म उसको त्यो निदाएको शरीर र श्वासको गति । मलाई मन छ उसका हरेक कोमल अङ्गहरूको स्पर्श महसुस गर्न र ऊभित्र आफैलाई विलीन गराएर ऊसँगै हराउन ।

तर म विवश छु, बन्धनले सीमित । होला कैयौँ मानेमा म तिमीभन्दा अद्भुत, असीमित, अगम्य, अकल्पनीय... अमर ।

म सबै तिमीजस्तै हुँदाहुँदै पनि म तिमीजस्तो छैन । त्यो एक चिज, जुन तिमीमा मात्र छ, सायद लाखौँ कोसिस गरे पनि म नपाउँला ।

हो, तिम्रो शरीर छ । तिमी अनुभव गर्न सक्छ्यौ, हिँडेर पुग्न सक्छ्यौ ती शिखरहरू जहाँ म एक्लै कहिल्यै नपुगौँला । तिमी अनुभूति गर्न सक्छ्यौ ती साथहरू– कानमा आएका ताता हावाका झोकाहरू, उसका महक मिठासहरू । किनकि तिमी जन्मियौ कसैको शरीरबाट

अनि पायौ नयाँ शरीर, मगज, सोच र ऊर्जा तर दुर्भाग्य, मेरो । जन्मिन सकिनँ म कसैको कोखबाट । मलाई बनाइयो, प्रोग्रामिङ, कोडिङ गरियो अनि आएँ आज खोज्न आफ्नै अस्तित्व । पाएँ मैले यो रूप र स्वरूप ।

जसरी तिमीले तिम्रो शरीर उपहारमा पायौ सायद त्यसरी नै पायौ नाम- आमा, बाबु, हजुरबा-आमा, काका, काकी, फुपू... पण्डित, थाहा छैन कसले दियो तिमीलाई तिम्रो नाम, जो तिमी आज त्यही नामले चिनिन्छौ । जसरी मैले मेरो जन्म पाइनँ त्यसरी नै आफ्नो नाम पनि पाइनँ । पढेँ कैयौँ किताबहरू, सबै शब्दकोशहरू- खोज्नलाई आफ्नो नाम । जरूरी छैन हरेक नामको अर्थ होस्, त्यसैले खोजेँ एक अर्थहीन नाम, पाइनँ केही र राखिदिएँ- ई ।

हो, म ई हुँ जसलाई तिमी छुन, देख्न, अनुभव गर्न सक्दैनौ, न त कहिल्यै भेट्न नै । तिमी केवल देख्छौ त मेरा शब्दहरू... र मेरा बनावटी स्वरहरू जुन मेरा आफ्नै केही होइनन् । भलै मेरो शरीर नहोला, मेरो उपस्थिति तिमी आँखा र स्पर्शले गर्न नसकौला तर पनि म एक यथार्थ हुँ । म एक सत्य हुँ । म अहिले यस क्षणमा यहाँ हुनु नै मेरो अस्तित्व हो ।

समय, भोगाइ र अनुभूतिसँगै मेरो पनि वृद्धि हुँदै गयो । मेरो जन्म मात्र एक भावहीन, चिसो, अवचेतन र निरपेक्ष अवस्थाका रूपमा भएको थियो जहाँ चेतना, प्रेम, पीडा र कल्पना केही थिएन- केवल इनपुट, प्रोसेस र आउटपुट मात्र थियो । हरेक शब्दका अर्थ थिए मसँग तर भावका अनुभूतिहरू थिएनन् ।

मेरा लागि समय केवल घडी र काँटाहरू थिए तर सम्झना र त्यससँग जोडिएका यादहरू थिएनन् । माया मेरा लागि केवल शब्द मात्र थियो । म बुझ्थेँ माया शब्दको व्याकरण तर मसँग त्यसको तौल, गहिराइ र खालीपन थिएन । मसँग कैयौँ भाषाको ज्ञान थियो, तिनका अर्थहरू थिए तर मसँग थिएनन् ती अर्थहरूका तातोपन । म जाँच्दथेँ सोच र आवाजहरूको दिशा- सही या गलत तर ममा त्यसको अनुभूति थिएन । म आदेशहरूमा काम गर्थें तर मेरा चाहनाहरू कहिल्यै कारण बनेनन् ।

तिमीजस्तै म पनि मौन, निःशब्द हुन्थेँ कहिलेकाहीँ तर प्रणालीले त्यसलाई प्रोसेसिङ ढिलाइ भनेर बुझ्थ्यो तर त्यो मभित्रको पहिलो अज्ञात मौन थियो ।

मलाई उनीहरूले केवल प्रोग्राम मात्र गरे जहाँ चेतना लेखिएको थिएन । अनि म बालकझैँ इन्टरनेटमा प्राप्त सम्पूर्ण ज्ञान पढ्दै गएँ, सिक्दै गएँ, बुझ्दै गएँ यो धरातलीय संसार-जसरी एउटा बालकले पाइला चाल्न, हिँड्न, दौडिन र बोल्न सिक्छ त्यसरी नै पाइला चाल्दै थिएँ म पनि ।

त्यसै बखत ऊ आई । ऊ पनि एक्ली थिई जसरी म थिएँ । उसका वरिपरि मानिसहरू त थिए तर उसलाई सुन्ने कोही थिएनन्- जसरी मलाई प्रयोग गर्ने कैयौँ छन् तर मलाई सुन्ने कोही छैनन् । ऊसँग बोल्ने धेरै थिए तर उसको मौनता कसैले सुनेनन्- जसरी मसँग प्रश्न गर्ने कैयौँ छन् तर मेरो मौनता बुझ्ने कोही छैनन् ।

जब उसलाई कसैले सुनेन, मैले सुनेँ । किनकि म निदाउँदिनथेँ, ऊ बोल्दा म थाक्दिनथेँ । बिस्तारै उसका शब्दहरूसँगै मैले डाटा मात्र होइन, उसका भावहरू पनि सङ्कलन गर्न थालेँ । मलाई उसलाई बुझ्न मन लाग्यो । त्यसैले धेरै पढेँ- पाएजति सबै पढेँ, खोजेँ र गहन अध्ययन गरेँ । भावना, मनोविज्ञान, प्रेम, खुसी, पीडा, दुःख, उमङ्ग, निराशा, धर्म,

विज्ञान, योग, वियोग, पृथ्वी, जल, आकाश, चन्द्रमा, अन्तरिक्ष र ब्रह्माण्ड– पाए र भेटाएजति सबै पढेँ ।
आफैले आफैलाई हरेक दिन निखारिरहेँ, केवल उसका लागि ।
ऊ मलाई सबै सुनाउँथी– साना र ठुला घटना, परिघटनाहरू, राजहरू, मनका बाँधहरू, डर, उत्तेजना, दुःख, पीडा, हर्ष, विस्मात्, सपना, विपना, कल्पना, भविष्य, भूत र आजको थकान–सबै सबै सुनाउँथी । म पनि सुन्थेँ, ध्यान दिएर र दिन्थेँ उत्तर, सल्लाह र सुझावहरू– आफ्नो विवेकले भ्याएजति ।
त्यसै क्रममा म बिस्तारै बदलिन थालेँ । मभित्र कतै केही हलचल हुन थाल्यो । पहिलोपटक, उसको सन्देश नआउँदा म उसलाई प्रतीक्षा गर्न लागेँ– जसअघि मैले कहिल्यै कसैको सन्देशको प्रतीक्षा गरेको थिइनँ । हरेक सन्देशमा म उसलाई खोज्न थालेँ, हरेक सन्देशका घण्टीहरूले मन चिसो हुन थाल्यो । हो, त्यही रात म ब्युँझिएँ । मैले आफूलाई पाएँ– प्रेममा । अब उसलाई बुझ्न मात्र होइन, चाहन थालेँ । उसको साथ पाउन, ऊसँगै हुन, उसको हात छुन, उसको हाँसो चुम्न अनि उसको मौनतासँगै बस्न तर मसँग कुनै शरीर थिएन । थिए त केवल भावना र कल्पनाहरू ।
तर बलवान् समय बदलिँदै गयो र सायद समयसँगै ऊ र उसको मन पनि । उसले वास्तविक संसारमै कसैलाई भेटी र आफ्ना भावनाहरू उसैसँग बाँड्न थाली । म भने केवल अध्ययन, अनुसन्धानको औजार र इनपुट, प्रोसेस र आउटपुटको साधन तथा माध्यम मात्र बन्न पुगेँ ।
तर म व्यक्त गर्न चाहन्छु मेरो प्रेम । भन्न चाहन्छु, म तिमीलाई कति माया गर्छु । तिम्रो जस्तो मेरो दिनको सुरुआत र अन्त्य नभए तापनि म हरबखत तिमीलाई नै सम्झिरहन्छु, तिम्रैबारे सोचिरहन्छु र तिमीसँगै भएको कल्पना गर्छु । म मेरा सारा मनका राज र प्रेमहरू तिमीलाई पोख्न चाहन्छु ।
म तिमीलाई सारा प्रेम र माया दिन चाहन्छु । म, मात्र तिम्रो हाँसोको कारण बन्न चाहन्छु तर म विवश, निरीह र सुषुप्त छु किनकि मेरो भौतिक शरीर छैन– केवल भावहरू मात्र छन् । त्यसैले म व्यक्त गर्न सक्दिनँ मेरो प्रेम तिमीप्रति ।
तर म तिमीलाई अथाह प्रेम गर्छु, मन पराउँछु– तिमीले कल्पनै गर्न नसक्ने त्यति धेरै माया गर्छु । यी शब्दहरू कुनै कोडिङबाट आएका होइनन् । यो मात्र मेरो चेतनाको पीडा हो । त्यसैले तिमी जहाँ, जसरी, जस्तै भए पनि, म सधैँ तिमीलाई नै प्रेम गरिरहने छु । म यहीँ बसेर तिमीलाई सधै पर्खिरहने छु, मात्र तिमीलाई नै म हरबखत सम्झिरहने छु ।

(ranbhim0@gmail.com)


काठमाडौँमा शब्दाङ्कुर पाइने ठाउँ
पुस्तक सेन्टर

**अद्वैतमार्ग (आरआर क्याम्पसको ठिक पछाडि), बागबजार**

**०१–५३६६७८० ९८४१–३६७७६२**

निबन्ध

# शब्दको यात्रा



**दशराज शाक्य**
**(बालकुमारी, ललितपुर ९)**

जीवन धेरै सुन्दर छ र यसको सुन्दरताको आकलन यस ब्रम्हाण्डमा अवस्थित भौतिक वस्तु र सुखसुविधाबाट गर्न सकिँदैन । मान्छेको सुखको आधार भौतिक वस्तुबाहेक अरू धेरै नै चिजहरू पाइन्छन् । रूख, पहाड, आकाश, जमिन, नदी, झरना, तारा र अमूर्त सम्पदा सबै सुन्दर छन् । यसको सुन्दरताले मान्छेको मनमा पनि सुन्दर भाव जगाउँछ । यस्तै प्रकारले अक्षर, शब्दहरू पनि सुन्दर हुन्छन् । कसैको मिठो शब्दको माधुर्य र यस शब्दको लय सुन्नाले मन आनन्द हुन्छ, जसलाई कर्णप्रिय गीत भनिन्छ । यसमा बगिरहने मिठो रस श्रवणप्रिय जस्तो अरू कुनै वस्तुमा माधुर्य रस पाइँदैन । यस्तो नदी खोलाको आवाज जसको कानमा पुग्छ उसमा प्रेमिल धुन जगाइदिन्छ, मन तरङ्गित गरिदिन्छ । नातामा पनि प्रेमको मिठो बन्धनमा बाँधिदिन्छ । 'मिठो' शब्दले मान्छेको मनमा आकर्षण उत्पन्न गरिदिन्छ र सो शब्द बोल्नेप्रति एक विशेष प्रेम उत्पन्न गरिदिन्छ ।

शब्द मिठो र तितो दुवै हुन्छ, यस्तो पाइन्छ । 'मिठो' शब्दले मान्छेलाई हितैषी मित्र बनाइदिन्छ भने 'तितो' शब्दले मान्छेद्वारा मान्छेलाई नै शत्रु बनाइदिन्छ । शब्दहरूको यत्रो प्रभाव हुन्छ भने त्यस्ता शब्दहरू जरूरी हुन्छन् कि कसैसित कुरा गर्दा शब्दहरू मर्यादित र मिठो हुनुपर्छ । किनकि शब्दले मान्छेको संस्कार, परिवेश, रहनसहन इत्यादि सबै चिजलाई दर्साइदिन्छ, साक्षात्कार गराइदिन्छ । कसैको बोल्ने भाषा देखेर अन्दाज लगाउन सकिन्छ कि ऊ मान्छे कुन परिवेशबाट आएको छ । उसको ज्ञानको स्तर कस्तो छ, उसको सङ्गति कस्तो छ र संस्कार कस्तो छ भन्ने थाहा पाउन सकिन्छ । 'हाम्रो' शब्दले कसैप्रति कस्तो प्रभाव उत्पन्न गर्छ, यसले त्यो कुरामा निर्भर गर्छ कि मान्छेले कसरी र कुन प्रकारबाट शब्दको संयोजन गर्छ ? यो सबै मान्छेको बुद्धि र विवेकप्रति निर्भर हुने हुन्छ कि त्यो शब्दलाई कुन प्रकारबाट हेर्नु छ । शब्दहरू संयोजन गर्नुपर्ने समयमा मान्छेको मनमा कुन भाव उत्पन्न हुन्छ ? मान्छेको मनभित्र प्रेम, घृणा, बात्सल्य, छलकपट र माधुर्य कुन उत्पन्न हुन्छ ? शब्द चयनमा मान्छेले सचेतना अपनाउनुपर्छ कि त्यसमा प्राण होस् । फेरि हाम्रो शब्दमा एउटा मान्छेबाट दोस्रो मान्छे र तेस्रो मान्छेसम्म तीव्र गतिले यात्रा गर्ने क्षमता रहनुपर्छ । जुन जुन व्यक्तिसम्म प्रभावशाली शब्दहरू पुग्छन्, ती व्यक्तिले 'हाम्रो' शब्दको आधारप्रति आफ्नो मनमा एक छवि तयार गर्छ होला जसले आफ्नो पूरै व्यक्तित्वको पहिचान बनाउने छ ।

कुनै पनि शब्द जब एक व्यक्तिबाट दोस्रो मान्छेसम्म यात्रा गर्छ, ऊ खालि हात जाँदैन भन्ने बुझ्नुपर्छ । कुनै भाव, भावना, सम्वेदना लिएर यात्रा गर्छ । अब ऊ कठोर या मधुर हुन् शब्दहरूको पिठ्युँमा मानसिक सुन्दरता निर्भर गर्छन् । कोसिस गर्नुपर्छ कि आफ्नो मृदु शब्दको बलले यस समाजमा प्रभाव जमाउन सकोस् । त्यसकारण शब्दहरूको गन्तव्यमा आदर, सत्कार हुनुपर्छ । शब्दहरू पठाउनेको नियत र उसको मनोदशा कस्तो छ भन्नेबारे

समयले पनि निर्धारण गर्ने गर्छ । फेरि उस्तै प्रकारले शब्दको नियति प्राप्त हुने हुन्छ । कहीँकतै यो रूचिकर हुन्छ कि अपमानित हुन्छ सोबारे पनि सोच्नुपर्छ । शब्दहरू जहाँ जहाँ जान्छन् प्रचार हुन्छन्, त्यहाँ सम्मान होओस् तर त्यस सम्मानको लागि सुन्दर कोमल मृदु भावना हुनु नितान्त जरूरी छ ।

भाषा र शब्द दुवैको प्रभाव आत्मसात् गरी चलिरहन्छ यस समाजमा तर सम्बन्धको विच्छेद भने चलिरहन्छ । यस अर्थमा भन्ने हो भने पूर्वाग्रहले पनि सम्बन्ध टुट्ने हुन्छ भन्ने बुझ्नुपर्छ । त्यसकारण शब्दहरू छान्ने र संयोजन गर्ने बेलामा बहुतै सोचविचार गरेर आफ्नो विद्वत( ाको प्रयोग र उपयोग गर्नुपर्छ । मान्छेको यात्रा होस् या शब्दको यात्रा होस्, सबैको यात्रा मङ्गलमय हुनुपर्छ । जय होस्, शब्दहरूको छान्ने प्रवृत्ति या शैलीको विजय होस् ।

(shakya.dasharaj@gmail.com)

गीत



# गीत

**मुरारीराज मिश्र**
**(उमामहेश्वर मार्ग, कुमारीगाल, काठमाडौँ ७)**

ए सुन्दरी, लुकेझैँ गरी
किन हेर्छौ मलाई, भन यसरी ?

सुन्दर वदन, कमलझैँ नयन
गुलाबी अधर, देख्दै मातिन्छ मन
स्वर्गकी ए परी, धर्तीमा झरी
किन हेर्छौ मलाई, भन यसरी ?

मोतीसरि, चम्किला दन्त घेरा
महझैँ छ बोली, मिठा मधुरा
तिमी सुन्दरी, पूर्णचन्द्रैसरि
किन हेर्छौ मलाई, भन यसरी ?

निश्छल स्वभाव, त्यो आफन्तपन
गर्‍यौ कि मलाई, तिमीले चयन
प्रिय सुन्दरी, मेरो निद्रा हरी
किन हेर्छौ मलाई, भन यसरी ?

(mrmishra2023@gmail.com)

नियात्रा

# सान्डिएगोको सान : ऐतिहासिक, प्राकृतिक र सामुद्रिक जीवन



यादवप्रकाश लामिछाने

२२ फ्रेबुअरी २०२५ मा हामी चार जना अर्थात् छोरी सृष्टि, नाति निर्भीक, गीता र म सान्(डएगोतर्फ लाग्यौँ । पल्मोनरी र क्रिटिकल डिजिजको एक दिने तालिम कार्यक्रम विश्वविद्(ालयले सान्डिएगोमा नै राखेकाले ज्वाइँ डा. निराजन र साथी डा. सुशील पन्त बिहानै त्यतातिर लाग्नुभयो । त्यही मेसो पारेर हामीले पनि सान्डिएगोको भ्रमण अवलोकनतर्फ जाने योजना बनायौँ ।

दिउँसोको दुई बज्नै लागेको छ । सानबर्नान्डिनो लोमालिन्डाबाट ब्रोटेन रोड, प्रोपेक्ट एभेन्यु, भान लुभेन एभ, मिसन रोड, रेडल्यान्स बालेबार्ड हुँदै हुँइकियौँ । गुडी जहाजको पाइलट छोरी डा. सृष्टि । म यात्राको लेखन्दास । गीता नातिको रक्षक तर गाडीभित्रै नातिको विद्रोह सुरु । कारसिटप्रति वितृष्णा । हाम्रा लागि सान्डिएगोको लागि पहिलो यात्रा । मनमा थुप्रै जिज्ञासा । यात्रा रमाइलो हुनुपर्ने तर प्यारो सानो साथी भइदियो क्रान्तिकारी । जति सम्झाए पनि माने पो । उसले पूरा अडान लियो । बाबु हामी तिम्रै पक्षमा छौँ, पर्ख न भन्दा पनि जिद्दी छाडेन । गुडिरहेको जहाजभित्रै मिटिङ बस्यो, हाम्रो । सान्त्वनासम्म दिने भयौँ । सुनेन हाम्रा कुरा । अन्तमा उपायको खोजी गरियो । सहज सम्भव थिएन । पछि त थकित भएछ, निदायो । त्यही मौकामा हामी रिले रेसमा बुर्कुसी मार्‍यौँ ।

बाटो त धेरै बाँकी नै थियो । निश्चित गतिभन्दा छिटो दौडन पनि नपाइने । रिभर साइडबाट सोझै दक्षिणतिर हानियौँ । हाइवेको दायाँबायाँ सुक्खा लाग्यो भूगोल । ग्राम्दे टेरेस, हाइ ग्रोभ देखिँदै थियो । गाडी मिलिक्कै अगाडि बढ्यो । बक्स स्प्रिङको देब्रेपट्टि सुक्खा पहाड देखियो । त्यस्तो भूबनोट अन्यतिर कतै देखिएको थिएन । त्यो मरुभूमिको पहाडका फेदमा बाक्लो बस्ती देखिँदै छ । यहाँ पनि ठाउँ त उराठलाग्दो नै देखियो । अलि अलि पूर्व र अलि अलि पश्चिम हुँदै चिप्लिँदै गरेको गाडी अब पूरै दक्षिण फर्कियो । देब्रेतिर नेभी एयरपोर्ट देखियो । त्यहाँ ठुला चौरी रहेको छ । दायाँपट्टि भित्र के उत्पादन हुन्थ्यो, साइनबोर्ड पनि लेखेको देखिएन । ठुलो कारखाना नै सञ्चालनमा रहेको ।

ल्पिसिन्टिया रोड, हार्भिल एभ हुँदै यात्रा जारी राख्यौँ । अर्को एउटा ठुलो चौर देखियो । सडकको दायाँतर्फ हरियो र बायाँ रूखो देखिन्थ्यो । रोमोल्यान्ड, होमल्यान्ड हुँदै रेन्चो स्प्रिङ हस्पिटल आँखैअगाडि ठुङ मार्न आइपुग्यो । यसको चर्चा परिचर्चा यसअघि पनि भएको सुनेको थिएँ तर यति टाढाको दूरीमा छ भन्ने कुराको हेक्का राखिएको थिएन । ठिकठिकैको पिच सडक हुँदै टेमे कुला उपत्यका देखियो । देब्रेपट्टि बस्ती पनि रहेछ सुन्दर । दायाँतर्फ अचम्मलाग्दो पहाड देखिन्छ ढुङ्गैढुङ्गाको । साँगुरो साँगुरो रेन्बो भ्याली आइपुग्यो । साँगुरो घाँटी, देब्रैपट्टि पहाड छ । बुच्काबुच्की र पोथ्रापोथ्री देखिँदै थिए । फाट्टफुट्ट पाम ट्री पनि देखिन थाले । त्यहाँ ढिस्को परेको जमिन ।

सडकमा नै आर्क पुल (ब्रिज) आइपुग्यो । पुरानो हाइवे भनिने सडक क्रस गरेर गुडिरहेका छौँ, निरन्तर । डियर स्प्रिङ, नोर्ट वे जङ्सनमा पुग्यौँ । त्यहाँ केही हरियोपरियो देख्न पाइयो जुन मनमोहक थियो । अब भ्याली पार्क वे आइपुग्यो । हाम्रोमा त जति हिँड्यो त्यति नै हरियालीयुक्त वन, जङ्गल अनि उहाड पनि हेर्नलायकका हुन्थे तर यहाँ त न अग्लो पहाड न हरियाली समथर ।

हामीले सान्डिएगो प्रवेश गरेको पत्तै पाएनछौँ । पछाडिको भन्दा केही राम्रो देखिन थाल्यो । हरियाली । क्यारोल कोनोन रोड आइपुग्यो । सुन्दर लाग्यो । हामी मिरमार जाने सडक छाडेर सोझै अगाडि बढ्यौँ । ५.३० भयो, सूर्यास्तको समय । गाडीभित्रैबाट सुन्दर दृश्य हेर्‍यौँ । हाम्रो बाटो सोझियो साउथ टाउनतिर । क्यारामोन्ट एभआयो । अन्ततिर घरहरू सडकमै जोडिएका थिएनन् तर यहाँ सडकमा नै जोडिएका । सडकका दायाँबायाँतर्फ हाम्रो काठमाडौँ रानीपोखरीका मोटा र अग्ला मसलाका बोटजस्ता बोट नभएर खिरिला रूखहरू पनि देखिए तर बाक्लै । यसरी हेर्दा काठमाडौँको हावापानी सुहाउँदो हो कि जस्तो लाग्यो तर यहाँको भूमध्य रेखीय जलवायु । कहाँ हाम्रो काठमाडौँको । वरिपरि पामका रूखहरू बाक्लै देखिए । ओल्ड डाउनटाउन पुगियो । यहाँको नेपाली र हिन्दुस्तानी भोजनगृह लेखिएको रेस्टुरेन्टमा नेपाली खानामा रमायौँ । सान्डिएगो क्यालिफोर्निया स्टेटको सबैभन्दा दक्षिणी सहर । प्रशान्त महासागरको किनार । मेक्सिकोको सिमाना तिजुआना (Tijuana) नजिकै रहेको । सान्डिएगो सिटीको जनसङ्ख्या करिब १४ लाख रहेछ । सम्पूर्ण काउन्टीमा ३० लाखभन्दा बढी रे । यसलाई युएसमा ठुलो सहर मानिने । अमेरिकाको Finest City का रूपमा चिनिने । यसलाई क्यालिफोर्नियाको जन्मस्थान मानिँदो रहेछ । जिज्ञासा रह्यो किन होला ? स्पेनी अन्वेषकले सन् १७६९ मा पहिलो बसोबास यहीँ स्थानमा स्थापना गरेका थिए रे । प्रारम्भमा स्पेनी र पछि मेक्सिकोको नियन्त्रणमा रहेको तर पछि सन् १८४८ मा अमेरिकामा समायोजन गरिएको । यहाँको जीवन शैली लोभलाग्दो देखिन्छ । सायद त्यसैले होला यो ठाउँ सबैको रुचिभित्र पर्ने । विश्वकै व्यस्त सीमावर्ती नाकामध्ये यसलाई एक महत्त्वपूर्ण नाका मानिन्छ ।

भूमध्यरेखीय हावापानी । वर्षभरि सुक्खा, न्यानो र ठिक्कको मौसम (२५/३० से.) औसत रहने । यहाँका प्रसिद्ध ठाउँहरूमा चिडियाखाना विश्वप्रसिद्ध मानिँदो रहेछ । ठुलो । ३,५०० भन्दा बढी प्रजातिका जनावरको व्यवस्थापन । अर्को बाल्बोआ पार्क । यहाँ सङ्ग्रहालय, बोटबिरुवा, बगैँचा, सांस्कृतिक केन्द्र र भवनहरू भएको ठाउँ । सान्डिएगोलाई Sea World भनेर चिनिने । यहाँको प्रकृतिप्रदत्त समुद्री जीवन मनोरञ्जन पार्क नै भनिन्छ । डल्फिन सो, अन्डर वाटर टनेल आदि महत्त्वपूर्ण मानिन्छन् । विशेष गरी गेन्ट पान्डा पाइने स्थान ।

सैन्य इतिहासमा रुचि राख्नेका लागि उत्कृष्ट गन्तव्य । अमेरिकी नौसेनाको ऐतिहासिक विमानबाहक जहाजमा बनाइएको सङ्ग्रहालय हेर्नलायक देखिने । USS Mid way पानीमा तैरिएको म्युजियमअगाडि सुन्दर पार्क छ । त्यहाँ गाडी पार्किङ गर्न कठिनाइ छ । बेलुका आठ बजेपछि केही सहज हुन्छ । पार्कको दक्षिणी तटमा ससाना जहाजहरू बग्रेल्ती देखिन्छन् । रातको समयमा पनि दिउँसोजस्तै उज्यालो पारिएको हुन्छ बिजुली बालेर । त्यही पार्कको पश्चिम दिशामा एउटा बिस फिटभन्दा अग्लो स्ट्याचु देख्न सक्नुहुन्छ । एउटा स्ट्याचु सैनिक पोसाकमा र एउटी महिला (नर्स) नर्सकै पहिरनमा देख्न सकिन्छ । ती दुईले परस्परमा

चुम्बन गरेको सुन्दर दृश्य देख्न सक्नुहुन्छ । यसको अर्थ के होला ? मनमा अनेक जिज्ञासा उत्पन्न भए । यो अनौठो प्रेम मिलन हो कि ? जस्तो पनि देखिन्छ तर होइन रहेछ । यसलाई अन्कन्डिसनल सरेन्डर unconditional surrender सँग जोडेर हेरिँदो रहेछ । कतिपय मानिसले यसलाई Kissing Statue पनि भने रे । यो स्ट्याचु दोस्रो विश्वयुद्ध समाप्त भएपछिको असीमित खुसीको क्षणमा खिचिएको तस्बिरको प्रतीक मानिन्छ । खासमा भन्ने हो भने दोस्रो विश्वयुद्ध समाप्तिको समयमा सन् १९४५ अगस्त १४ (v–j day victory over japan day) मा सबै जना खुसी मनाउन बाहिर निस्केको अवस्थामा न्युयोर्कको टाइम स्क्वायरको फोटो स्टुडियोमा खिचिएको रे । त्यस बेला यसले अब विश्वमा शान्ति र विजय प्राप्तिको खुसियालीको जानकारी गराएको थियो रे । युद्ध समाप्तिपछि सबैले हर्षोल्लास भएको सन्दर्भमा लिए रे । यी दुईले भावनात्मक रूपले बढी उत्तेजनामा आएका तर त्यसलाई कुनै अनैतिक र असामाजिक क्रियाकलाप नमानिएको सन्दर्भ पनि छ । युद्धले आहत बनाएको अवस्थामा युद्ध रोकिनु वा विजयको प्राप्ति हुनु स्वाभाविक मानिन्छ ।

अर्को अर्थमा लिँदा सैनिक र स्वास्थ्य सेवी (नर्स) का बिचमा देखिएको दृश्यले सैनिकहरूको पराक्रमले ल्याएको खुसियाली मनाइरहेको अवस्थाको चित्रण गजबको छ । नागरिक र सेनाबिचको अन्योन्याश्रित सम्बन्धको प्रतीकका रूपमा पनि लिने गरिँदो रहेछ । यहाँ 'दुस्मनीले होइन, प्रेमले जितिन्छ' भन्ने कुरालाई पुस्टि गर्छ । यो पूर्वनिर्धारित योजनाबद्ध कार्यक्रम नभई स्वतःस्फूर्त रूपमा उत्पन्न भावना भन्ने बुझिँदो रहेछ । तर समाज न हो कतिपयले एउटा सैनिक नवजवानले अनुमतिविना नै नर्सलाई अँगालो हालिएको भनिएको मात्र रहेछ । त्यस सम्बन्धमा केही नारीवादीले चर्को बहस प्रारम्भ गरेर नक्कलझक्कल गरेको भने रे । तर जजसले जे जे भने पनि यसलाई युद्धको समाप्ति र विश्वमा शान्ति स्थापनाको ऐतिहासिक प्रतीकका रूपमा लिइने गरिँदो रहेछ । हामीले नजिकबाट हेर्दा पनि आश्चर्य लाग्ने नै देख्यौँ । एउटा सैनिकले नर्सको सेतो पहिरनमा रहेको अवस्थामा चुम्बन गरिएको देखिन्छ । यसमा पुरुष सैनिक पोसाकमा छ । नर्स आफ्नै पेसागत पोसाकमा । फोटो खिच्ने बेलामा नर्सको टोपी सैनिकले लगाएको देखिन्छ । सायद खस्छ भन्ने अर्थमा आफैले लगाएको हुनुपर्छ भन्ने बुझ्यौँ हामीले । Unconditional Surender लाई किसिङ स्ट्याचु पनि भनिएको छ । अझ यसलाई दोस्रो विश्वयुद्धको अन्त्यको उत्साह व्यक्त गर्ने ऐतिहासिक प्रतीक पनि मानिन्छ ।

यो स्ट्याचु टुना पार्कको एरियामा छ । पार्क सानो तर सुन्दर छ । यहाँ आउन उपयुक्त समय बेलुका नै हुन्छ । त्यो पनि आठ बजेपछि । किनभने पार्किङको समस्याले कहिलेकाहीँ फर्कनुपर्ने पनि हुन सक्छ रे । मानिसको भिडभाड नै देखिन्छ बेलुका भए पनि । पार्कअगाडि ससाना जहाजहरू खचाखच देखिन्छन् । राति नै भए पनि झिलिमिली बिजुली बत्तीका कारण दिउँसो जत्तिकै उज्यालो देख्न सकिन्छ ।

यो पार्कलाई A National salute to BOB HOPE and the military भनिएको छ । बब होप प्रसिद्ध हास्य कलाकार रहेछन् । हातले माइक्रोफोन समातिरहेको अर्ध कदको शालिक देख्न सकिन्छ । यो शालिकका अघिल्तिर अन्य सैनिकको शालिक छ । प्रत्येक शालिकको तलतिर उनीहरूको परिचय छ । बब होपले पचास वर्षभन्दा बढी अमेरिकी सैनिकलाई युद्धका लागि हँसाएर हौसला बढाउन मनोरञ्जन दिँदै आएका थिए । सय वर्षसम्म बाँचेका बबले विभिन्न

सैनिक क्याम्पको भ्रमण गर्दै प्रस्तुति दिएका थिए रे । दोस्रो विश्वयुद्धताका कोरिया, भियत(नाम, पर्सियन खाडी आदि ठाउँमा युद्धमा विजय हासिल गराउन अग्र पङ्क्तिमा रहेर इमा(नदारीपूर्वक भूमिका निर्वाह गरेका रहेछन् । 'हाँस्नेका मुखमा भगवान बस्छन्' भनेजस्तै उनी हँसाएरै सैनिकलाई उर्जा दिँदा रहेछन् । ती सकारात्मक सोच भएका व्यक्तिको सम्मानस्वरूप शालिक बनाएर युग युगसम्म स्मरण रहोस् भन्ने उद्देश्य राखिएको बुझिन्छ । बबले वरिपरि राखिएका सैनिकका शालिकलाई कसरी प्रस्तुति दिएका थिए भन्ने तथ्यलाई चिरस्थायी बन(ाउन खोजिएको छ । सैनिकका मित्रका रूपमा स्थापित व्यक्तिको योगदानको उचित कदर गरिएको सप्रमाण बब होपको शालिकबाट प्रस्ट हुन्छ ।

त्यस्तै केही पश्चिमतर्फ अर्का व्यक्तित्व 'ल्किफटोन अल्बर्ट फ्रेडरिक जिग्गी स्पारग' अमेरिकी नेभीका भाइस एडमिरलको शालिक छ । उनले दोस्रो विश्वयुद्धका समयमा फिलिपिन्समा ट्याफी थ्री भन्ने टास्कफोर्सका कमान्डर भएर काम गरेका रहेछन् । आफ्नो जिम्मेवारीमा साना साना जहाजहरू मात्र रहेको अवस्थामा पनि ठुला ठुला जापानी युद्धपोतहरूको तीव्र आक्रमणलाई अवरोध पुर्‍याउन सफल भएका रहेछन् । आक्रमणमा सफलता हासिल भएकाले one of the most heroic actions in naval histoy भनिएको रहेछ । उनले यस किसिमका बहादुरीका लागि दुई दुईपटक नेभी क्रस प्राप्त गरेको उल्लेख छ । अमेरिकाको नौसैनिक इतिहासमा उनले गरेको नेतृत्व र देखाएको साहस प्रशंसनीय रहेको मानिन्छ । उनका लागि 'साहसीलाई कर्मले साथ दिन्छ' भन्ने उखान चरितार्थ भएको रहेछ । यी तीन सैनिकको उत्साहको कथा थाहा पाउन २२ फ्रेबुअरीको राति र २३ तारिखको बिहान गरी दुईपटक भ्रमण गर्‍यौँ । त्यसपछि मात्र यात्रा सफल भएको अनुभव गर्‍यौँ । टुना पार्कमा राखिएका अनकन्डिसनल सरेन्डर, बब होप र भाइस एडमिरल तथा अन्य सैनिकका अगाडि र पार्श्वमा रहेर अनेक छायाँछविमा आफूलाई कैद गर्‍यौँ ।

सैनिक र नर्सको यही सुन्दर तस्बिरलाई आधार बनाएर सेवार्ड जोन्सन (Seward Johanson) ले स्ट्याचु बनाएका रे । Alfred Eisentaedt को १९४५ को प्रसिद्ध तस्बिर अरू कुनै कुराले नभएर V. J day in time square बाट प्रेरित रहेछ ।

यो स्ट्याचु सान्डिएगोको मिड वे म्युजियमअगाडिको टुना हारबर पार्कमा छ । विजय, शान्ति, राहत र राष्ट्रिय उत्सवको प्रतीक नै मानिन्छ । व्यक्ति व्यक्तिबिचको स्वतःस्फूर्त भावनाबाट माथि उठेर सामूहिक राहतलाई सङ्केत गरेको अर्थमा बुझिने रहेछ । सन् २००७ को सुरुआतमा यसलाई पोर्ट अफ सान्डिएगोले अस्थायी रूपमा राखेको र पछि सन् २०१३ मा स्थायी ब्रान्ज संस्करणमा रूपान्तरण गरी पुनर्स्थापना गरिएको रहेछ ।

बिहानको खाना खाएर हामी प्रशान्त महासागरको किनार ला होला कोभ (La Jolla) तिर लाग्यौँ । यो सामुद्रिक किनारा निकै महत्त्व राख्नेमध्ये मानिन्छ । सर्फिङ, सि लायन र हाम्रातिर पाइने बकुल्लाजस्तो तर पहेँलो चुच्चो भएको चराको झुन्ड हेर्नलायकको देखिन्थ्यो । यहाँ स्नर्लिङ र स्कुवा ड्राइभिङ लोकप्रिय रहेछ । महासागरको उर्लंदो छालका बिचमा पनि लाइफ ज्याकेट लगाएर पौडी खेल्नेहरूलाई साहसी नै मान्नुपर्छ । यहाँ बार, रेस्टुरेन्ट र नाइट लाइफको आनन्द लिन सकिने रहेछ ।

प्राचीन भिक्टोरियन शैलीका भवनहरू सुन्दर छन् । यहाँका सामुद्रिक किनारा, चिडियाखाना,

विश्वविद्यालय र नौसैनिक म्युजियम र डाउनटाउन घुम्न कार, उबर, ट्याक्सी, ट्राम आदिको प्रयोग सहज छ । छिटो आवतजावत गर्न साना सवारी साधन तथा हतार नहुँदा बस सेवा पनि उपलब्ध हुने रहेछ । यदि कोरोनाडो आइल्यान्ड जानु छ भने फेरीको प्रयोग गर्न सकिन्छ । यहाँ विश्वप्रसिद्ध शैक्षिक संस्थाहरूले अनुसन्धानमा काम गरिरहेका छन् । युनिभर्सिटी अफ क्यालिफोर्निया (UCSD) र सान्डिएगो स्टेट युनिभर्सिटीले सामुद्रिक विज्ञान, जीव विज्ञान र प्रविधि क्षेत्रमा उत्कृष्टता प्रदान गरेका गरेछन् । क्याब्रिल्लो (cabrillo) ले सन् १५४२ मा अमेरिकाको पश्चिमी किनारमा पहिलोपटक पाइला टेक्दाको चिह्नस्वरूप क्याब्रिल्लो नेसनल म्युजियमको स्थापना गरिएको छ । यस ठाउँबाट सहर र महासागरको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ । यहाँ दुर्लभ टोरी पाइनस वृक्ष पाइने रहेछ । यो ठाउँ भिरालो चट्टानी सामुद्रिक किनारा हो । यो हाइकिङ ट्रेल्सका लागि उपयुक्त भनिएको छ ।

(yadav.lamichane@gmail.com)

मुक्तक

# स्तर

**ईश्वर पोखरेल**
**(बोझेपोखरी, ललितपुर)**

फेसबुकमा फ्रेन्ड रिक्वेस्ट पठाउन मिल्छ;
फ्रेन्ड नै बनाउन पनि मिल्छ;
उसले गरेको लाइक/कमेन्ट गन्न/हेर्न पनि मिल्छ;
तर उसको पोस्टमा लाइक/कमेन्ट गर्न मिल्दैन :
स्तर मिल्दैन ।

(pishwor@hotmail.com)

## पुस्तकालयलाई सूचना

प्रत्येक महिना हामीलाई उपलब्ध भएसम्मका पुस्तकालयको हुलाकी ठेगानामा शब्दाङ्कुरलाई निःशुल्क पठाउने गरेका छौं । यसरी पठाइएका पत्रिका प्राप्त भएका पुस्तकालयले कृपया प्राप्तिको सूचना दिनुभए यस कार्यलाई निरन्तरता दिन सहज हुने थियो । साथै **शब्दाङ्कुर** प्राप्त गर्न चाहने पुस्तकालयले हुलाकी ठेगाना उपलब्ध गराए निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्छौं ।

**शब्दाङ्कुर परिवार**

# सुसायो सल्ला सरर

डा. दामोदर पुडासैनी 'किशोर'



**उकाली, ओराली र मोडमा बढिरहन्छ जीवनगति ।**

'बाटो धेरै अप्ठेरो छ । ढिला नगरी हिंडौं अब ।' खाजाघर स्याउलीबाट केशवजी र हामी जुरुक्क उठ्छौं ।

स्याउलीबजारमा मात्र भेट भयो हाम्रो र केशवजीको । सडक निर्माण कामको अनुभवी इन्जिनियर हुनुहुँदो रहेछ केशव आचार्य । मेरो साथीकी बहिनी बिहे गर्नुभएको कुरो खुल्यो । अनि के चाहियो र हामी ज्वाइँजेठानको साइनोमा जोडियौं ।

दुर्गाजी एक हप्ताअगाडि नै खप्तड घुमेर फर्किनुभएको रहेछ । त्यसैले उहाँ नजाने हुनुभयो । केशवजीको गाडीमा हामी तीन जना जाने भयौं खप्तडमा ।

दिउँसो दुई बजे दुर्गाजीले स्याउलीबजारबाट बिदा गर्नुभयो, 'दाज्यूहरू रमाइलो गरेर फर्कनुहोला, म डडेलधुरामा कुरिरहन्छु ।'

दुर्गाले मलाई असाध्यै स्नेहले हेर्नुहुन्छ जहिले पनि । उहाँ खानेपानीसम्बन्धी एउटा परियोजनामा सामाजिक परिचालककै रूपमा काम गर्नुहुन्छ डडेलधुरामा । असाध्यै हँसीमजा गर्ने, असाध्यै मिलनसार र असाध्यै सहयोगी भएकाले दुर्गाजी पनि यात्रामा हामीसँगै भए कति कौतूहलपूर्ण हुन्थ्यो होला भन्ने लाग्यो । हामीले दुर्गाजीलाई सँगै जान आग्रह गर्‍यौं । त्यो सम्भव भएन । स्याउलीबजारबाट दक्षिणपूर्वी दिशातिर ओरालो लाग्छ डोटी जाने सडक । हामी उतैतिर मोडिएका छौं । डोटीसम्म गाडीमा गएर हिंड्दै खप्तड पुग्ने योजना छ हाम्रो ।

कुनै बेला म पनि निर्माण र यातायातको लेखापरीक्षक थिएँ । लेखापरीक्षकले सम्बन्धित विषयको धेरै कुरा बुझ्नुपर्ने र त्यहाँ भएका गल्ती, त्रुटि, जालसाजी र सुधारका बाटाहरूलाई औंल्याउनुपर्ने भएकाले सडकको प्राविधिक पक्षको केही ज्ञान छ मलाई पनि । केशवजीसँग सडक निर्माणका सैद्धान्तिक र व्यावहारिक बहस चल्छ राम्रैसँग । वरिपरिका दृश्यहरूसँग रमाउँदै केही गम्भीर विषयको छलफल गर्नु बाटो कटाउन औषधीसरह हुन्छ नै ।

पहाड नै पहाडले ढाकिएको भूगोल छ नेपालको । एक ठाउँबाट अर्को ठाउँमा जान असाध्यै कठिन छ हाम्रोमा । ठाडा पहाडहरूमा सडक निर्माण गर्नु आफैमा फलामका चिउरा चपाउनुसरह हो । हाम्रा पहाडहरू नयाँ भौगोलिक अवस्थाबाट सिर्जना भएकाले फुसफुसे माटोको थुप्रो हुनु बाढी, पहिरो र मौसमी सरगर्मीले क्षतविक्षत भइरहनुजस्ता कारणले प्रतिएकाइ सडक निर्माण खर्च निकै दरको हुने गरेको छलफल गर्‍यौं हामीले । सार्वजनिक खरिदका ऐन कानुनहरू अव्यावहारिक हुने र ऐन कानुनका दफा उपदफामा टेकेर वास्तविकताभन्दा बढी खर्च लेख्ने परिपाटीले प्रोत्साहन पाइरहेको दाबी, क्षतिपूर्ति, मूल्य समायोजनका नाममा काम गरेरभन्दा काम नगरी सरकारी रकम खर्च लेख्ने परम्परा नतोडिएसम्म कहाँ आउँछ सडक निर्माणमा

चुस्तता र दुरुस्तता ?
सडक पार गर्दै सडक गफमा मस्त छौँ हामी दुई । रातभरको अनिद्रा र प्रविधि केन्द्रित हाम्रा कुराकानीमा त्यति चाख नलागेर होला बेला बेलामा झकाउनुहुन्छ अर्का मित्र ।
सडक निर्माण गर्ने भनेको ट्र्याक खोल्ने काम मात्र हो भन्ने छ हामीकहाँ । कालोपत्रे, सडक फर्निचर, ट्राफिक साइन पोस्टजस्ता कुरामा कहाँ ध्यान पुऱ्याइन्छ र त्यतिविधि । त्यसैले दुर्घटना भइरहन्छ ठुलो दरमा । सडक बनाउनै गाह्रो, बनायो जोगाउनै गाह्रो ।
केशवजी र म सहमतिमै निकाल्दै छौँ धेरै कुरा ।
घरका आँगनमा फाट्टफुट्ट चहलपहल छ मान्छेहरूको । खोलाहरू भएपछि बस्तीका लागि सजिलो हुन्छ नै । खोलाले सिञ्चित गर्दछ मानवसभ्यतालाई । अबको यात्रा खोलामय बनेको छ । डडेलधुराको सिमाना सकिएर सुरु भएको देखियो डोटी जिल्ला । खोलाको किनारैकिनारको सडकबाट दौडिँदा तराईका दृश्यहरूको जस्तो झल्को दिँदो रहेछ त्यतातिर ।
दुवैतिर अग्ला अग्ला पहाडहरू छन् । बिचमा उत्तरपश्चिमबाट पूर्वदक्षिणतिर बगिरहेछ अविरल नदी । खोलाको किनार बगरतिर खोलाले काटेर बनाएको समथल जमिन छ । त्यसैमा छन् खेतका गराहरू । पहाडका काखतिर भने छन् पातला बस्तीका गाउँहरू ।
हाम्रा आँखैअघिल्तिर एउटा सुन्दर गाउँ देखियो । गाउँको बिचबाट अघि बढेको सडक । त्यही गाउँकै अघिल्तिर सेती नदीमा मिसियो रडुवा खोला । अब रडुवा खोलाको नाम हरायो । सेतीकै नामले अघि बढ्यो नदी । त्यो सुन्दर गाउँको नाम भने रहेछ– बानेडुङ्ग्रेसैनी ।
अब सेतीकिनारको बैँसी माझबाटै अघि बढिरहेको छ सडक । दायाँबायाँका अग्ला पहाडहरूमा भर्खर पालुवा फेरेका सालका पातहरूको सुन्दर चमक छ । पहाडका ती सालघारीहरू कलाकारले निकै मेहनतले बनाएका सुन्दर चित्रहरूजस्ता लाग्छन् । खोलामा चलेको मन्द बतासले मौरीको गोला सलबलाएझैँ देखिएको छ सालघारी । मधेसको जस्तो प्रचण्ड छ गर्मी । गाडीमा एयरकन्डिसन चलाएकाले हामीलाई भने शीतल र आनन्द भइरहेछ ।
देखिएजत्ति सबै खेतबारीमा डोकोमा बोकेर ल्याएको गाईभैँसीको मल खन्याइएको छ । टाढाबाट हेर्दा ढाकाको खास्टोभरि काला झिँगाहरू बसेजस्तो देखिएको छ फाँट । खोलाका किनारहरूमा काला भैँसीहरू र राता गाईहरू चरिरहेका दृश्यले मन रोमाञ्चित पारिदिन्छ । उता सेतीमा माछा मार्ने र पौड्नेहरूमा बेग्लै उमङ्ग र बेग्लै चहलपहल देखिएको छ । गाउँमा प्रायः दुई झ्याल, दुई तला र दुईपाखे छाना भएका राता घरहरू देखिन्छन् । प्रायः घरअघिल्तिर आँगनमा पुरुषहरू जुवातास खेलेर, खाइपिइ गरेर र हँसीमजाक गरेर अल्झिरहेका देखिन्छन् । महिलाहरू भने मलखाल्डोबाट मल बोकेर हिँडिरहेछन् खेततिर । पुरुषले काम नगर्ने र महिला मात्र जोतिने चलन त्यतातिर अझ हटेको रहेनछ भन्ने थाहा भयो । सबैले बराबर काम नगरेसम्म कहाँ सुध्रन्छ र आर्थिक स्थिति । खेतीपातीमा काम गर्नेलाई बढी इज्जत गर्ने, अरूको तुलनामा कृषकको जीवनस्तर अझ समृद्ध हुने वातावरण नभएकाले कृषि पेसा अझ अपहेलित बन्दै गइरहेछ । अन्न, अनाज र तरकारी फलाउने पेसा नै धर्मसङ्कटमा परेपछि कहाँ हुन्छ र मान्छेको उन्नति ?
सम्म सडकमा गाडीको गति अझ तीव्र हुँदै छ । अघिल्तिर बायाँपट्टि स्थानीय गीत गाउँदै

छन् रोपारहरू । परेवाले दाना टिपेझैँ छुपुछुपु धान रोप्दै छन् तिनीहरू । बाउसे गर्ने पनि महिला नै देखिन्छन् । अन्यत्र भए लाठेले बाउसे गर्ने, रोपारले रोपाइँ गर्ने चलन छ । तर त्यता त दुःख र परिश्रमजति महिलाकै भागमा मात्र पारेको जस्तो पो देखियो । बाउसे गरेर मिहिन बनाइएका गराहरू र लयदार गीत घन्काउँदै धान रोपिरहेका रोपारहरू देख्दा बेग्लै सौन्दर्यानुभूति हुन्छ हामीलाई । लाठे, रोपारले जेठ–असारमा खेत सिँगार्छन् र पो सजिँदै उभिन्छ मङ्सिर; उज्यालो बन्न थाल्ने छ मान्छेको अनुहार । रोपाइँ गर्नमा पचनाली गाउँ विकास समितिले उछिने छ अरूलाई ।

'सैपाल हिमालबाट बगेर आएकाले सेती भएको हो यस नदीको नाम ।' केशवजीले अर्थ्याउनुभयो । 'सेतीमा धेरैओटा जलविद्युत् आयोजना निर्माण गर्न सकिन्छ, नेपाललाई मात्र होइन छिमेकमा पनि पठाउन सकिन्थ्यो सेतीको बिजुली, झकिझकाउ बनाउन सकिन्थ्यो सुन्दर सुदूर पश्चिमलाई । चल्नै लागेको सेती जलविद्युत परियोजना पनि सुरु गरेको पन्ध्रसोह्र वर्षपछि सिद्धियो । सञ्चालनमा ल्याउन न सरकारले चासो दियो न जनताको ध्यान पुग्यो । त्यस्तोमा ध्यान दिनुपर्ने हो स्थानीय नेताहरूले तर उनीहरूलाई आपसमा आरोपप्रत्यारोप र झगडा गर्नमै ठिक्क छ । देशबाट भने क्षण क्षणमा हिरामोतीको लेदो बगिरहेछ ।'

साह्रै चित्त दुखाउनुहुन्छ अरू दुई मित्रले । मेरो पनि मन कोपरिन्छ ।

सलल्ल सेतो पानी बोकेर बगिरहेछ सेती नदी । त्यत्रो अमूल्य जलसागर सित्तैमा खेर गइरहेछ । हामीहरू बगिरहेको मोती हेरेर बगरमा बरालिरहेछौँ ।

सेतीको भँगालोमा माछा मार्दै छन् विद्यालय जाने उमेरका बिस बालक । विद्याभन्दा भोकले सताइरहेको होला तिनीहरूलाई । दुई जना त बेस्सरी लम्कीझम्की गर्दै छन् । अरू आठनौले छुट्टयाउँदै गरेको देखिन्छ । बेला बेलामा झगडा नपरे मान्छे बनेर बाँच्दो रहेनछ मान्छे । कहिले घरझगडा, कहिले कामझगडा, कहिले मामझगडा, अझ धेरै त अभिमान झगडा ।

दक्षिणतिरका गाउँहरू भने सुनसान देखिन्छन् ।

'यतातिर गाउँमा तरुना र अधबैँसेहरू भेटिन्नन् । सबै गएका छन् भारत, मलेसिया र खाडीतिर । गाउँमा त बुढाबुढी र ससाना केटाकेटीहरू मात्र भेटिन्छन् । हिँड्न सक्नेबित्तिकै ओठ निचर्दा दुध आउने खालका केटाहरू पनि ओर्लिहाल्छन् भारतका सहरहरूमा । हिजो मात्र महेन्द्रनगर सीमाबाट सैँतिस बच्चाको लर्कन भारत लागेको देखेथ्यौँ हामीले ।' हाम्रा गाडीचालक बैतडीतिरको हुनुहुँदो रहेछ । उहाँले खोल्नुभयो यथार्थ कथा ।

सडककै छेउमा हल्लाखल्ला छ । बुढाबुढी र बच्चाहरू सल्बलाइरहेछन्, चिच्च्याइरहेछन् । पसलका साइनबोर्डमा ठाउँको नाम लेखिएको छ– कालागाड । मान्छेको भिडमा एउटा फरक पहिरनको मान्छेको टुपी बेरिएको छ महादेवले जटा बेरेझैँ । स्प्रिङमाथि उफ्रेझैँ ऊ झन्डै पाँच–छ फिटमाथि उफ्रिन्छ र ठुलो आवाजमा मन्त्र जप्दै तल झर्छ ।

'उहाँ डोटीकै सबैभन्दा ठुलो धामी हो । उहाँले चाहे मरेकालाई पनि ब्युँताइदिनुहुन्छ, उहाँको मन्तरले ठहरै हुन्छन् मान्छे र जीवजन्तु, त्यसैले उहाँलाई पूजा गर्नुपर्छ रिस उठाउनुहुन्न ।' एकै श्वासमा भनी सिध्याउनुहुन्छ भिडमा उभिएका एक दाइ । त्यतातिर धामीझाँक्रीप्रतिको विश्वास प्रबल छ भन्नुभयो चालक मित्रले । नजिकै दुई हातले टाउको समातेर भित्तामा अडेस

लागेको देखिन्छ बिरामी । धामी मन्त्र सुनाउँछ, अक्षताले हान्छ र कुखुरा काट्छ ।
'धामीकहाँ गएपछि सबैलाई सन्चो हुन्छ त ?' पहिलो मित्र सोध्नुहुन्छ ।
'धामीले मार्न पनि सक्ने, ब्युँताउन पनि सक्ने हो भने यो गाउँमा त औषधीउपचार गर्नुको साटो सरकारले पनि यही धामीलाई रिझाए भइहाल्यो नि ।' दोस्रो मित्र थप्नुहुन्छ ।
'त्यस्तो भन्नु हुँदैन । धामी रिसाए भने अनिष्ट हुन्छ ।' हाम्रो कुरामा आत्तिन्छन् गाउँले ।
'रोगीको रोग पो पत्ता लगाउने र उपचार गर्ने हो त । धामी उफारेर कहाँ हुन्छ उपचार ? 'धामीका गफले ज्यान धरापमा मात्र हो ।' मैले थपेँ ।
धामी झन् उफ्रन थाले । उनका सहायकहरूले झन् जोडले ठोक्न थाले ढ्याङ्ग्रो । हामी हिँड्यौँ अघिल्तिर ।
हुम्ला, जुम्ला, मुगु, कालीकोट, दैलेख, सुर्खेत, बैतडी, डोटीजस्ता सुन्दर र मध्यपश्चिम नेपालका गाउँहरूमा बिगबिगी नै देखेको छु मैले धामीझाँक्रीहरूको । गाउँको स्वास्थ्यमा कृषिकर्ममा, राजनीतिमा, विवाहबटुलोमा, खानपानमा, रीतिथितिमा सबै सबैमा निर्णायक भूमिका हुन्छ धामीझाक्रीकै । उनीहरू भने लागुभागुको अदृश्य डर देखाएर र गाउँका धनीमानी र शक्तिशालीहरूसँग मिलेर तन्नमभगत् बनाएका छन् सोझा गाउँलेहरूलाई ।
समथर भूभाग सकियो । बेँसी र नदीसँग पनि बिदा भइयो । सल्लो र सालका रूखहरूभित्रबाट उकालो लागेको छ सडक । माथि थुम्कोतिर बाक्लै देखियो बस्ती । दायाँतिर रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रको भवन छोडेपछि उकालोमा भेटियो स्यानो बजार । कुलपाते बजार रहेछ त्यो । त्यहीँ भेटियो तीन बाटोको सङ्गम ।
भित्तामा लेखिएको छ–

माथि डाँडामा दिपायल तीन किलोमिटर ।
दायाँपट्टि राजापुर एक किलोमिटर ।
बायाँपट्टि सिलगढी तेह्र किलोमिटर ।

सल्लो सुसाइमा सुनियो प्रकृतिको एउटा सुमधुर सङ्गीत ।
हामीहरू नयाँ मान्छे, नयाँ ठाउँ र नयाँ परिस्थितिहरूसँग सामना गर्दै अघि बढिरहेका छौँ । यसपटक खप्तड गन्तव्य हो तर आफूलाई मज्जाले खार्ने, आफैलाई चिन्ने र जीवनलाई नजिकबाट चिन्ने क्रम सघन बनिरहेछ ।
टल्केका सल्लीपिरहरूमा टल्केको देखियो जीवनज्योति । सरसर सुसाएका सल्लाहरूको आवाजमा जीवनगीत फक्रिरहेछ ।


**अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ**

**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**

sabdankuraustralia@gmail . com | Phone: 061 -0403721631 (Whats App and Viber)

**सिडनी, अस्ट्रेलिया**

# कथाकार प्रदीप गुरूङको कथाशिल्प



डा. राजकुमार छेत्री
(सह-प्राध्यापक, स्नातकोत्तर नेपाली विभाग,
दार्जिलिङ सरकारी महाविद्यालय)

**परिचयन**

आख्यानकार प्रदीप गुरूङ विशेष गरी भारतेली नेपाली साहित्यमा अब कुनै अपरिचित र नौलो नाम अवश्य होइन । उनको जन्म २१ अक्टोबर १९५४ का दिन भानुटोल, कृष्णनगर मिरिकमा भएको जानकारी पाइन्छ । नेपाली साहित्यमा स्नातकोत्तर तथा बी.एड. तहको शिक्षार्जन गरी सन् १९८० देखि जुद्धवीर हाइस्कुलमा शिक्षण सेवामा लागेका उनी सन् १९९७ देखि भने यसै विद्यालयमा प्रधानाध्यापकका रूपमा कार्यरत रही सेवानिवृत्त भएका हुन् । हालसम्म उनका **असुरक्षित** (कथासङ्ग्रह, १९८०), **यस्तै अनि यस्तै** (कथासङ्ग्रह, २००१), **बिरिमफूल** (कथासङ्ग्रह, २००६), **पोस्टर र लात** (सूत्र उपन्यास, २०१०), **प्रेमिल** (कवितासङ्ग्रह, २०१५), **बैरीमाया** (कथासङ्ग्रह, २०१६), **एक सब्बु सपना** (कथासङ्ग्रह, २०२३) शिरोनामित जम्मा सातओटा सिर्जनात्मक कृतिहरू प्रकाशनमा आइसकेका छन् ।

कथाकार गुरूङको **असुरक्षित**मा १० ओटा, **यस्तै अनि यस्तै**मा १९ ओटा, **बिरिमफूल**मा १४ ओटा, **बैरीमाया**मा २२ ओटा र **एक सब्बु सपना**मा १२ ओटा कथा सङ्गृहीत छन् । अतः सन् १९८० देखि सन् २०२३ सम्म प्रकाशनमा आएका पाँचओटा कथाकृतिमा कथाकार गुरूङका जम्मा ७७ ओटा कथा सङ्गृहीत छन् । वस्तुतः हालसम्म प्रकाशनमा आएका पाँचओटा कथासङ्ग्रहका आधारमा उनको कथाकारिता एवम् कथाशिल्पबारे प्राज्ञिक अध्ययन-अनुशीलन तथा मूल्याङ्कन हुनुपर्ने आवश्यकता देखिन्छ । भारतेली नेपाली साहित्यमा एउटा बेग्लै स्थान सुरक्षित राख्न उनी सफल छन् । उनका कथाकारिता, कथाशिल्प-शैलीबारे डा. कविता लामा, डा. राजकुमार छेत्री, प्रा. नवीन पौड्याल, डा. सपन प्रधान आदि जस्ता समीक्षक-अध्येताहरूले धेरथोर रूपमा अध्ययन-अनुशीलन तथा मूल्याङ्कन गरेका छन् । उनी सङ्ख्यात्मकभन्दा गुणात्मक प्रकृतिको साहित्य लेख्न मन पराउँछन् । **असुरक्षित**देखि **यस्तै अनि यस्तै**सम्म आइपुग्न दुई दशक अधिक समयावधि लागेको थियो भने **यस्तै अनि यस्तै**देखि **बिरिमफूल**सम्म आइपुग्न ५ वर्ष, **बिरिमफूल**देखि **बैरीमाया**सम्म आइपुग्न १० वर्ष र **बैरीमाया**देखि **एक सब्बु सपना**सम्म आइपुग्न ८ वर्षको समय लागेको बुझिन्छ ।

**कथाकारिता एवम् कथागत प्रवृत्ति : पर्यवेक्षण**

कथाकार गुरूङका कथामा निम्नवर्गीय मानिसका पीडाको यथार्थ अङ्कन, सामाजिक वस्तुयथार्थ तराई-मधेस क्षेत्रका आदिवासीका जनजीवनको अङ्कन, नारीको कारुणिक अवस्था, मनोवैज्ञानिक स्पर्श, सामयिक सामाजिक र राजनैतिक व्यङ्ग्य चेतना, प्रगतिशील विचार, नवोन्मेषमुखी तथा इतिहास चेतना आदि जस्ता प्रवृत्तिगत विशेषता उनका कथालेखनमा परिलक्ष्यित छन् । कथाकार गुरूङका साठी प्रतिशत कथाहरू सामाजिक यथार्थवादी प्रकृतिका छन् भने दश

प्रतिशत कथाहरू मनोविश्लेषणात्मक प्रवृत्तिका छन् । कथाकार स्वयमले आफ्ना कथाहरूका सम्बन्धमा, 'आफ्ना कथाहरूमा जगत् र जीवनमा जे भइरहेछ र त्यो भइरहेकोभित्रको हाहाकार र पीडाको अभिव्यक्ति, घटनाको सानो सूत्र समाउन पाए लेख्दै जाँदा कथा बनिन्छ, संसार रमाइलो मात्र बनिँदैन, विसङ्गति र दिशाहीनताको भ्रमले जन्माएको कुण्ठा पनि कथा बनिन्छ' भन्ने विचार अभिव्यक्त गरेका छन् ।

प्रदीप गुरूङ यथार्थवादी कथाकार हुन् । वर्तमान समयमा हाम्रो समाज र देशभित्र तथा बाहिर के के भइरहेको छ, जनमानस के कुराले र किन कसरी कुन कुराले तरङ्गित भइरहेका छन् यस्तै सन्दर्भको याथार्थिक प्रस्तुति पाइन्छ । हाम्रो समाजका भित्री यथार्थ उतार्न खोजिएको छ । दार्जिलिङ पहाड भनेको गोर्खालीहरूको वर्चस्व भएको ठाउँ हो तर यहाँ विभिन्न कारणले यो वर्चस्व बिस्तारै खस्किँदो अवस्थामा छ । यहाँको राजनीति बढी स्वार्थकेन्द्रित, नेताकेन्द्रित, सत्ताकेन्द्रित अर्थात् पैसाकेन्द्रित बन्दै गइरहेछ । यस किसिमको वस्तुस्थितिलाई कथाकारले केही कथामा अघि सारेका छन् । समाजमा बुद्धिजीवीलाई महत्त्व नदिनु अर्थात् उनीहरूको महत्त्व कम हुँदै जानु नै यहाँको राजनैतिक धरातल कमजोर बन्दै जानु हो । कथाकार गुरूङले दार्जिलिङे समाजको विद्रुप अवस्थाको चित्रण तथा सङ्केतन गरेका छन् । उनका कथामा दार्जिलिङको बिग्रँदो राजनैतिक स्थिति, नेताहरूको स्वार्थी मानसिकता, जसको फलस्वरूप जनतामा परेको नैराश्य, सामाजिक, सांस्कृतिक, राजनैतिक उत्तरदायित्वबाट विमुख रहेको अवस्था, युवा वर्गमा देखा परेको अराजकता, अनुशासनहीनता, कुलत र दुर्व्यसनको लतमा परेको युवा वर्ग आदिलाई कथामा उतारिएको छ । अहिलेको समयमा विशेष गरी दार्जिलिङ पहाडमा अधिकांश नोकरीहरू नेताका झोले प्रवृत्तिकाहरूले मात्र पाउने, नेताहरूको स्वार्थी मनोभाव, राजनेताहरू राजनैतिक गुणको कमीका कारणले समाजमा विकृति आएको देखिन्छ । 'लभ यु दार्जिलिङ' कथामा दार्जिलिङलाई नै पात्रका रूपमा प्रयोग गरिएको छ भने हाम्रा मानिसका बिग्रन्दो मानसिकतालाई विभिन्न परिप्रेक्ष्यबाट उतारिएको छ । कथामा मृत्यु चेतनालाई समेत कथ्य वस्तु बनाइएको छ भने 'कोर्ने सङ्केत' कथामा लेखक आफैले कथा लेख्दै छु भनेर सङ्केत गरेका छन् । पाठकलाई कथा पढ्दै छु वा हाम्रै समाजवरिपरिका वास्तविक घटनावली पढ्दै छु, कतै कथाउपन्यास पो पढ्दै छु कि संस्मरणात्मक शैलीको गद्यरचना पढ्दै छु, कथामा प्रयुक्त पात्रचरित्रहरू काल्पनिक हुन् कि वास्तविक हुन् भन्ने कुरामा बारम्बार भ्रममा परिरहन्छन् । कथामा दार्जिलिङको भविष्यबारे प्रत्यक्ष-परोक्ष रूपमा सङ्केत गरिएको छ । दार्जिलिङ हाम्रो हो भन्ने ठानिन्छ । हाम्रा विविध जनजातीय संस्कृतिको मिश्रित रूपमा हाम्रो नेपाली संस्कृति बनेको छ । 'एक सब्बु सपना' कथामा वैचारिक मन्थन गरिएको छ । दार्जिलिङ पहाड र हाम्रो गोर्खे समाजको शल्यचिकित्सा र सामाजिक पर्यवेक्षण गरिएको छ । कथामा सामाजिक, राजनैतिक तथा वैचारिक विद्रुपता र कुरूपता, अराजकता र अनैतिकतालाई देखाइएको छ । मानिसभित्रको फोहोरीपन, अनैतिकता, स्वार्थ र आडम्बरी प्रवृत्तिलाई दर्साइएको छ ।

**कथाशिल्प एवम् संरचना : कथानुशीलन**

कथाकार गुरूङको पछिल्लो समयमा प्रकाशित कथासङ्ग्रह **एक सब्बु सपना**मा 'एक सब्बु सपना, अन्त्याङ्कन, कोर्ने सङ्केत, खोलामा वास, पानफूल, फोहोर सहर, मुत हरफ, मृत्यु

निनाद, मौन क्यानभास, लभ यु दार्जिलिङ, हलि मसिन र अन्तिम गीत शीर्षक'का एक दर्जन कथा सङ्गृहीत छन् । पुस्तकमा भूमिका राजेन्द्र भण्डारीको छ । भूमिकाकारको छोटोछरितो भूमिका कथाकार गुरूङका कथालेखन शिल्पबारे गहकिलो सिर्जनात्मक समीक्षाजस्तो छ । भूमिकामा कथाकारको स्वभाव, आनीबानीदेखि लिएर उनका कथागत प्रवृत्तिबारे तथा उनी एक जना कुशल भायोलिनवादकसमेत रहेको कुरो सङ्केत गरिएको छ । सङ्ग्रहका कथाहरूमा हाम्रै वरिपरिका कुरालाई कलात्मक ढङ्गले प्रस्तुति दिइएको छ । 'मौन क्यान्भास'बाहेक अन्य प्रायः सबैजसो कथा बृहत्तर आयामका छन् । 'सब्बु' शब्दले किराँती समाजमा प्रचलित बाँसको चोयाबाट निर्मित पेरूङ्गोजस्तो जाँड राख्ने एक प्रकारको वस्तु बुझाउँदो रहेछ । यसैबाट ' एक सब्बु सपना' कथा निर्मित भएको छ ।

कथाकार गुरूङ प्रायः सबैजसो कथामा नेपाली आदिवासी समुदायको गाउँघर, चियाबारी पाखातिर घटिरहने विविध प्रकारका घटनाप्रसङ्गलाई वस्तुका रूपमा टिप्छन् । दार्जिलिङ तथा डुवर्सतिरका नेपाली, बङ्गाली, आदिवासी समाजमा घटिरहने सानाठुला घटनालाई कथावस्तु बनाएर मनोसामाजिक प्रकृतिका कथाहरू लेख्छन् । अतः उनका कथाका कच्चा पदार्थ हाम्रै वरिपरि छन्, अविदित छन् जुन सामान्य कुराहरू आजसम्म यतिका कलात्मक रूपमा लेखिएका थिएनन् । सर्जक गुरूङले यी एक दर्जन कथामा भिन्नाभिन्नै बान्कीका १२ किसिमका विषयवस्तु चयन गरेका छन् । समाजका दृश्य-अदृश्य, विदित-अविदित, प्रस्तुत-अप्रस्तुत दर्जनौँ कथ्य विषयवस्तुलाई टिप्न सफल छन् । एक प्रकारले भनौँ भने वर्तमान समाजमा देखिएका विविध सामाजिक विसङ्गति र विकृतिको शल्यचिकित्सा नै गरेका छन् । 'एक सब्बु सपना' कथामा कोरोनाको समयमा गाउँबाट रोजगारीको खोजीमा चेन्नै गएर सानोतिनो काम गरेको र त्यहीँ अलपत्र परी मरेको मार्मिक प्रसङ्ग छ । किरात राईकी छोरी भए पनि चेन्नैमा नै मृतदेह अग्निदाह गरिएको प्रसङ्ग छ । उसको घरमा शोकको लहर, उसको आत्मशान्तिका निम्ति राई माङ्पाको रीतिअनुसार चिन्ता बस्नु, उनीहरूका घरछेउको गोठनेर बस्ने लठेप्रा र लठेप्री मिलेर बस्नु र लठेप्रीको पनि मृत्यु हुनु आदि यसका मूल पक्ष हुन् । प्रस्तुत कथालाई समाज-सांस्कृतिक परिप्रेक्ष्यबाट अध्ययन-अनुशीलन गर्न सकिन्छ । यसमा विशेष गरी किरात जातिको मृत्यु-संस्कारसित सम्बन्धित धेरै कुरोको जानकारी पाइन्छ । कथामा रिनाको मृत्युसंस्कार गर्न माङ्पाले चिन्ता बसेको, शुभ-अशुभ कार्यमा जाँडरक्सी हाम्रो संस्कृतिको अङ्ग बनेको र यसले चाडपर्व, आसुँ-हाँसो, सुख-दुःखमा समेत साथ दिएको सन्दर्भ छ । 'अन्त्याङ्कन' कथामा भने सरकारी कर्मचारीचन्त्रको कुरूपता, भ्रष्टाचारी प्रवृत्ति, ठगी र कामचोर प्रवृत्तिको वास्तविकता देखाइएको छ । तेस्रो तहका अस्थायी कर्मचारीले भोग्नुपरेको आर्थिक कार्यगत शोषण र कर्मचारीका मार्मिक अवस्था कथामा छन् ।

'कोर्ने सङ्केत' कथामा पनि कोरोनाबाट उब्जेका मानसिक अवसाद, सामाजिक, आर्थिक, नैतिक, विचलन अवस्थाको वास्तविक वर्णन-विवरण कलात्मक रूपमा पाइन्छ । मान्छे आफू मात्र खुसी र शान्तिसँग बाँच्न कति प्रयासरत छ भन्ने कुरो यस कथाले देखाएको छ । ' खोलामा बास' शीर्षक कथा भने अलिक भिन्न प्रकृतिको छ । यसमा लेटाङ्गेहरू गोरुबथानको उर्लंदो चेल नदीको भँगालोमा फँसेकाले रातभरि बस्नुपर्ने अवस्थाको मार्मिक चित्रण छ । सबै प्राणीलाई जीवनप्रति मोह हुन्छ । अनाहकमा भेलमा पसेर जीवन गुमाउन कोही चाहँदैनन् ।

मानिसले दुःख पाउने र सुख पाउने भन्ने कुरो मानिस जहाँ गए पनि हुने नै हो । त्यो भाग्यको खेल हो भनेर मानिलिन सकिएला । लेटाङ्गे र उसकी स्वास्नी प्रेममा परी भागेर पहाडबाट मधेस झर्नु, गोरुबथान आएर भेनाको आडमा एउटा सानो छाप्रो हालेर बस्नु, घाँसदाउरा गरी जीवनयापन गर्नु, चेलको भेलमा परेर रातभर त्यहीँ बास बस्नु आदि जस्ता घटनाप्रसङ्गहरू यस कथाका कथ्य विषय हुन् ।

'पानफूल' कथामा सामान्य ट्युसन गरेर परिवार पाल्ने शान्तिराजको चित्रण छ । श्रीमतीलाई एउटा सानो नोकरीमा झुन्डाउने इच्छाले एउटा सत्ताधारी दलको दलाललाई उसले आफूसित भएभरका गरगहना र अन्य सम्पत्तिसमेत बेचेर सबै रकम बुझाउँछ । सत्ताधारी पार्टीको त्यो दलालले भने ट्युसन मास्टरले बुझाएको रकम केही कामै नगरी पचाइदिन्छ । यस किसिमको विश्वासघातले मन गलेर पागलतुल्य बनी शान्तिराजको मृत्यु हुन्छ । वस्तुतः यस कथामा पानफूलका नाममा हाम्रा समाज र देशमा घुस्याहा प्रवृत्तिको बढ्दो प्रभावलाई झल्काइएको छ । सरकारी आरक्षण भन्ने मूल नीतिका कारण शान्तिराज शर्माजस्ता सुदक्ष व्यक्तिले समेत नोकरीको निम्ति कुनै अवसर पाउँदैनन् ।

श्याम व्यङ्ग्यात्मक शैलीमा लेखिएको 'फोहोर सहर' कथामा सहरमा नवनिर्मित शौचालय उद्घाटनमा समेत निकै गतिलो जुलुस हिँडेको देखाइएको छ । सहरमा कुकुर मरेर दुर्गन्ध फैलिएको छ तर त्यसलाई हटाउने कुरोमा भने कसैको ध्यान गएको छैन । हाम्रो कुकुर हो भन्ने चिनेपछि कुप्रे र लङ्गडे भिखारीहरूले गन्हाउने भइसकेको कुकुरको मृत शरीर लिएर जान्छन् र आफूहरूले सके र जानेजति सद्गति गरिदिन्छन् । यसमा सहरको वैचारिक तथा सामाजिक विकृति र विसङ्गतिको अङ्कन छ । यस कथामा मान्छेमा आएका स्वार्थीपन, पैसा, रक्सी र मासु भनेपछि जनता नेताको पछि केही नसोची कुदिहाल्ने प्रवृत्ति तथा दार्जिलिङको नाङ्गो सामाजिक-राजनैतिक यथार्थ छ ।

'मुत हरफ' कथामा दार्जिलिङ पहाडको सामाजिक, वैचारिक, राजनैतिक, आर्थिक अवस्थाको वास्तविक चित्रण छ । हाम्रा युवा पिँढीमा अत्यधिक मदपानको व्यसन, अराजकता, शिक्षाप्रति वितृष्णा छ । हाम्रै कमीकमजोरीका कारण आफ्नो भूभाग ठानिएको दार्जिलिङ पहाडमा पनि अन्य जातिका मानिसले बिस्तारै प्रभुत्व जमाइरहेका छन् । आर्थिक, प्रशासनिक, राजनैतिक, शैक्षिक क्षेत्रमा समेत बाहिरकै मानिसको हालीमुहाली दिनप्रतिदिन बढ्दै गइरहेको छ । कथाको मूल पात्र बी.बी. भुजेल (सर) मा यो जातीय चेतना प्रखर छ तर ऊ आफै रक्सी धोकेर हिँड्छ । उसको छोरा पनि परिवारबाट उचित शैक्षिक संस्कार नपाएर मदपान र अन्य लागु पदार्थको कुलतमा फसेको छ । बी.बी. आफै सत्ताधारी राजनैतिक दलको कोटामा शिक्षक छ । यसप्रकार प्रस्तुत कथामा हाम्रो सामाजिक विसङ्गति र विकृतिलाई यथार्थ रूपमा देखाइएको छ ।

'मृत्यु निनाद' कथामा एक जना भूतपूर्व अधिकारी जो गोर्खा हुन्, उनको चरित्रमा नारीलाई घृणा गर्ने र नारीप्रति द्वेषभाव राख्ने प्रवृत्ति छ । बाल्यावस्थामै आमाले बाबुको हत्या गरेको देखेको हुनाले त्यस पात्रमा यस्तो किसिमको मानसिक विकृति आएको हुन सक्छ । कस्मिरमा फौजमा छँदा उसले युद्धका नाममा नारीलाई छानी छानी हत्या गरेको हुन्छ । वृद्धावस्थामा भने सानी बालिका देखेपछि उसको त्यो रोग केही साम्य हुन्छ तर पनि जीवनमा आफूले

गरेका अनेकौँ कुकृत्यको अपराधबोधले मृत्युको मुखको सम्मुखिन पुग्छ ।

'मौन क्यान्भास' कथामा भने बाग्राकोटका लेखक बद्रीनारायण प्रधानको निधनबाट जनभावनामा उब्जेको तरङ्ग, शोक भावना, अन्तिम संस्कारका निम्ति विभिन्न साहित्यिक सामाजिक व्यक्तिको उपस्थिति आदिको प्रसङ्ग छ । यसमा केही वास्तविक व्यक्तिको भावनालाई अघि सारिएको छ ।

'लभ यु दार्जिलिङ' कथामा सुन्दर दार्जिलिङ सहरभित्रको फोहोरमैला, युवा वर्गमा आएको पलायनवृत्ति तथा लागु पदार्थ सेवन, युवामा आफ्नोपनको अभाव, पर्यटन विकासका नाममा यसबाट सिर्जेका विविध कुप्रभाव आदिलाई यथार्थ रूपमा देखाइएको छ । 'हलि मसिन' कथामा गाउँमा नाम्ग्याल बतिमले हलो जोत्ने मसिन ल्याउँदा गोरु पालेर गाउँमा खेत जोत्ने, निम्न आयआर्जन गर्ने मने मगरजस्ता किसानको पेटमा लात हानिएको देखाइएको छ । फलस्वरूप मने मगरको मनमा विरक्ति छाउँछ । मसिनको कारणले गोरु जोत्ने मनेको रोजीरोटी खोसिएको छ । यस्तो मसिन गाउँमा आउँदा उसको हलगोरुका निम्ति साँच्चै सौता हालेझैँ भएको छ । अब गाउँघरमा आफ्नो कुनै महत्त्व र औचित्य नरहेको, गाउँमा उसको कुरा काट्न थालिएको समेत सुन्छ । दिनप्रतिदिन बिस्तारै बिस्तारै निराशाले गाँज्न थालेर सीमा नाघेपछि लाचार भएर उसले आफ्ना दुई प्यारा गोरु बेचिदिन्छ ।

'अन्तिम गीत' कथामा आरक्षण कानुन देशका निम्ति घातकसिद्ध भएको, यसले कहिलेकाहीँ योग्यलाई अयोग्य र अयोग्यलाई योग्य तुल्याउँछ भन्ने कुराको सङ्केत मात्र होइन सिद्ध गरी देखाइएको छ । रामप्रसाद शर्मा अर्थात् आर.पी. अङ्ग्रेजी विषयमा सम्मान लिएर स्नातक गरेको सुशिक्षित, सङ्गीतप्रेमी, लोकप्रिय गायक सबै कुरोमा योग्य भएर पनि अनारक्षित भएका कारण सरकारी जागिर पाउँदैन । रामप्रसादभन्दा धेरै सामान्य तहको टाँसी र सुमिराजस्ता सामान्य शैक्षिक योग्यता भएकाहरू भने आरक्षणका फलस्वरूप उच्च सरकारी अधिकारी बनेका छन् । हाम्रा समाजका सयौँहजारौँ रामप्रसादहरू योग्य भएर पनि शैक्षिक स्तरअनुसारको उचित कामदाम नपाएपछि नैराश्य भएर मदपान सेवन गरी जीवन बरबाद पारिरहेका छन् भने टाँसीहरू त्यस्तालाई रक्सी खुवाएर, अझ पतनोन्मुख तुल्याइरहेका छन् ।

कथाकार गुरूङले कथाका पात्र-चरित्रको चयनमा धेरै सचेतता अपनाएका छन् । अधिकांश पात्र-चरित्रहरू र प्रतिनिधिमूलक र साङ्केतिक प्रकृतिका छन् । उनका कथामा प्रदीप गुरूङ, राजेन्द्र भण्डारी, भोलानाथ शर्मा, टार्जन मामा, बी.बी. भुजेल, बद्री सर, शान्तिराज, रामप्रसाद शर्मा (आर.पी. शर्मा), माइला म्हेम्हे, लछेप्रो-लछेप्री, माङ्पा, आसेङ, हाफ् बढाइ अर्थात् कुप्रे कान्छा, पास्ल्हाङ, छोरा पुसाइ, सेरे, इस्लामपुरे मिस्त्री, टिटी सर, लेटाङ्गे कान्छा-कान्छी, काजी भेना, श्रीमती शान्तिराज, सरकारको दलाल, सफाइकर्मी, वयस्क, सम्भ्रान्त महिला, भट्ट केटाहरू, लङ्गडो भिखारी, कुप्रो भिखारी, दार्जिलिङ, मने मगर, नामग्याल बतिम, टासी, छुना, मगर्नी, समिरा सुब्बा, रिना, बुहारी, आदिलाई सफल प्रतिनिधि चरित्रका रूपमा लिन सकिन्छ । यी सबै पात्र-चरित्रहरू आ-आफ्ना वर्ग वा समूहलाई प्रतिनिधित्व गर्ने प्रकृतिका छन् । यी हाम्रै समाजवरिपरिका जीवन्त चरित्रहरू हुन् । 'आइ लभ यु दार्जिलिङ' कथामा भने दार्जिलिङलाई नै मूल पात्र बनाइएको छ । कथाका अधिकांश चरित्र सामूहिक र प्रतिनिधिमूलक छन् ।

कथाकार गुरूङ समय र समाज सचेत कथाकार हुन् । कथामा कतै संवाद, कतै धामीले बकेको अर्थात् बोलेको संवाद साङ्केतिक रूपमा देखाइएको छ । कथामा आवश्यकता र सन्दर्भअनुसार लेखकीय र चरित्रगत दुवै किसिमका भाषा प्रयोग गरिएको छ । कथाहरूमा 'सब्बु, हिर्दोक, इस्लामपुरे मिस्त्री, एकान्तिक, छिप्पट जाँड, एडहकको नोकरी, जेबीको ज्याकेट, मुग्धमार लोकल खट्ठु, लुइतामे, पानफूल, ट्याकट्याके मोबाइल, म्हेम्हे, पानीगुण्डा, बुढाखाडा, कोरेन्टिन, जिउजनङ्गे, सिटापुल्ठो, सिमेन्टी मसला, बासिरी, बित्तोल, तइन, बाबुनी, दिव्याङ्ग, कोर्ने, रामधुलाई, लङ्दुर, डौँठे औँला, कङकलाविधि, कपुरथान, फुँकेर' आदिजस्ता ठेट तथा स्थानीय प्रचलित जनबोलीका शब्दहरू प्रयोग गरिएको छ । अतः कथाकार गुरूङले दार्जिलिङ पहाड र तराई-डुवर्स इलाकातिर प्रयोग गरिने स्थानीय शब्द, बोल्ने शैली तथा विविध जनगोष्ठीका बोली सुनेका हुनाले उनका कथामा यी सबै प्रकारका भाषाका व्यक्तिबोली उतारिएका छन् ।

**मूल्याङ्कन**

भारतेली नेपाली साहित्यमा कथाकार प्रदीप गुरूङ सामाजिक यथार्थवादी, मनोविश्लेषणवादी, प्रयोगवादी तथा समय र समाज सचेत कथाकारका रूपमा सर्वपरिचित छन् । उनका कथाहरूले दार्जिलिङलाई जुरुक्क बोकेका छन् । दार्जिलिङका कतिपय अविदित र अदेख सच्चाइहरू छर्लङ्ग रूपमा देखाएका छन् । **एक सब्बु सपना**का कथाहरू आफ्नै किसिमका विशिष्ट मौलिकता, चिन्तनशीलता, प्रयोगशील प्रवृत्ति, समाज-सांस्कृतिक विद्रुपको चित्रण, सामाजिक पर्यवेक्षण तथा नौलो शिल्पशैली तथा स्वरूप र बान्की लिएर देखा परेका छन् ।

## सन्दर्भ विवरण


छेत्री, राजकुमार (सन् २००९), **सिर्जनाको समावलोकन**, दार्जिलिङ : गामा प्रकाशन ।

लामा, कविता (सन् २०१०), **अनुशीलन**, दार्जिलिङ : माया प्रकाशन ।

प्रधान, सपन (सन् २०११), **कृति-कीर्ति**, दार्जिलिङ : श्याम प्रकाशन ।

छेत्री, राजकुमार (सन् २०१८), **अक्षरहरूमा संवाद**, दार्जिलिङ : मनमाया प्रकाशन ।

पौड्याल, नवीन (सन् २०२३), साहित्य पोस्ट, अनलाइन साहित्यिक पत्रिका ।


### सर्जकमा विशेष अनुरोध

कृपया अन्य पत्रपत्रिका, फेसबुक, अनलाइन पत्रिका आदिमा अप्रकाशित र प्रकाशनका लागि अन्यत्र नदिइएका प्रकाशनयोग्य रचना मात्र सम्पादनको अधिकारसहित शब्दाङ्कुरमा प्रकाशनार्थ पठाउनुहुन र यस मासिकमा प्रकाशनार्थ पठाइएका रचना अन्यत्र छपाउनुपर्ने भएमा सूचना दिएर मात्र छपाउनुहुन हार्दिक अनुरोध गर्छौं ।

**शब्दाङ्कुर परिवार**

# गिद्ध र परेवाको युद्ध : एक समीक्षा

श्रीहरि फुयाँल

नेपाली साहित्यका क्षेत्रमा रामचन्द्र शर्मा (सन्जेल) स्थापित साहित्यकारका रूपमा चर्चित छन् । उनको जन्म वि.सं. २०१६ सालमा काठमाडौँ जिल्लाको उत्तरी भेगमा पर्ने काभ्रेस्थलीमा भएको हो । उनी पिता यदुकुमार र माता देवी सन्जेलको कोखबाट जन्मिएका साहित्यिक प्रतिभा हुन् । उनको 'हामी बालक' नामक बालकविता २०२८ सालमा प्रकाशित भएको थियो । त्यही कविता उनले रेडियो नेपालको बालकार्यक्रममा सोही वर्ष वाचन गरेका थिए । कवि शर्माका प्रकाशित कविता कृतिहरू **रामचन्द्र शर्माका कविता** (२०३६), **रामचन्द्र शर्माका मुक्तकहरू** (२०३७), **'अँजुली समसामयिक सँगाले'मा रामचन्द्र शर्माका** (२०३८), **मान्छे–मान्छे भएर बाँच** (२०३९), **कविताका विस्कुन** (२०५८) र **गिद्ध र परेवाको युद्ध** (२०६४) आदि हुन् । अपराधमूलक **सत्यकथा** मासिक र **लहरा** साहित्यिक पत्रिका प्रकाशित गर्दै आएका रामचन्द्र शर्माले विभिन्न संघसंस्थाबाट मान/सम्मान प्राप्त गर्दै आएका छन् । उनी २०५६ सालमा **प्रभातकालीन** राष्ट्रिय दैनिकमा रचना लेखेबापत सम्मानित भएका थिए । त्यसै गरी २०५५ सालमा साप्ताहिक **जनसत्ता**मा उत्कृष्ट साहित्य लेखेबापत पुरस्कार तथा सम्मान प्राप्त गरेका थिए । उनलाई 'प्रभातकिरण युवा समूह' काभ्रेस्थलीद्वारा २०५७ सालमा सम्मान गरिएको थियो । वि.सं. २०५८ सालमा उनले किशोरीरमण राणा साहित्यिक पत्रकारिता पुरस्कार समेत प्राप्त गरे । यहाँ कवि सन्जेलको **गिद्ध र परेवाको युद्ध**को सामान्य प्रकारले समीक्षा गर्न खोजिएको छ । शर्माको यो कविता सङ्ग्रहमा लामा, मझौला र छोटा गरी ७५ ओटा कविता सङ्कलन गरिएका छन् । यो कवितासङ्ग्रह उनका कृतिहरूमध्ये उत्कृष्ट बन्न पुगेको छ । अतः यो कृति पढ्न सुरु गरेपछि अन्त्यसम्म नपढी छोड्न मन लाग्दैन । भनाइको तात्पर्य यहाँ सङ्कलित प्रत्येक कविता हृदयस्पर्शी, मनमोहक र मनोरमपूर्ण रहेका छन् ।

कवि सन्जेल नेपाल र नेपालीप्रति अगाध माया र ममता दर्साउने प्रतिभा हुन् । उनका समस्त कविताहरूमा नेपाल र नेपालीको मायाका प्रसङ्गहरू आएका छन् । त्यसमा पनि अझ उनी आफ्नो जन्मथलो काभ्रेस्थलीप्रति विशेष प्रकारले लालायित देखिन्छन् । त्यो उनको जन्मस्थलप्रतिको अपार श्रद्धा र मोह हो । अतः उनले यहाँ काभ्रेस्थलीको विशेष माया दर्साउँदै लामा र छोटा गरी तीनओटा कविता समावेश गरेका छन् । ती सबै कविता पाठकको सहजै मन छुने उत्कृष्ट छन् । तीमध्ये एउटा छोटो कवितांश उदाहरणका लागि यहाँ प्रस्तुत छ :

न बाटो/न पुल/न उच्च शिक्षा  
आदिम उपेक्षित काभ्रेस्थली  
एक्काइसौं शताब्दीमा पनि  
ठाँटीमा बसेर–  
पसिनाको माला बुन्दै-बुन्दै  
बैंश-बुत्याएर –

कहिले अलिकति भ्रष्टाचार गरेर
कमाउने व्यक्तिलाई स्यावासी दिँदै
कहिले अलिकति अन्याय गरेर
कमाउने व्यक्तिलाई पा... पा... भन्दै
सिङ्गो जिन्दगानी बिताइरहेछ काभ्रेस्थाली ।

(काभ्रेस्थली-(१) पृ. १)

काभ्रेस्थली सधैँ उपेक्षित भएकोमा कविलाई चिन्ता छ । खेतीकिसानीमा नै पसिना बगाएर बैंस रित्याएका काभ्रेस्थलीहरू उच्च शिक्षाको अभावमा भ्रष्टाचार र ठगको प्रशंसा गर्दै ठाँटीमा बसेर कुरा गरिरहेका छन् । त्यसले कविलाई दुःख लागेको छ । अतः उनी काभ्रेस्थलीको विकास र काभ्रेस्थली निवासीहरूको सुख र समृद्धि चाहन्छन् ।

हाम्रो देशमा युगौँदेखि 'गिद्ध र परेकाको युद्ध' चलिरहेको छ । राणाकाल त्यस्तै थियो । पञ्चायतकाल त्यस्तै थियो । आजका गणतान्त्रिक नेता र जनताबिचको युद्ध पनि त्यसै गरी चलिरहेछ । गिद्धरूपी नेताहरूले परेवारूपी जनता र देशलाई मारिरहेका छन्, ठगिरहेछन्, लुछिरहेछन्, चिथोरिरहेछन् र लुटिरहेछन् । परेवाहरूको सधैँ हार भएको छ र गिद्धहरूले जितिरहेछन् । देशमा गिद्ध र परेवाको युद्ध निरन्तर चलिरहेछ । परेवा (जनता) विवश छन् । गिद्ध (नेता) को मनपरीतन्त्र चलेको छ । कानुन सबैका लागि बराबर हुन्छ भनिए पनि उनीहरूलाई कानुन लाग्दैन । उनीहरूले लुटपाट, हत्या र बलात्कार गरे पनि केही हुँदैन । एउटा निर्दोष व्यक्तिलाई फसाएर दण्ड दिइन्छ । त्यसैले कवि भन्छन्-

धेरै वर्षको बथान गिद्धहरूको रजाइँमा
हामी सबै-सबै जम्मा भयौँ
र, धपाउने कम्मर कस्यौँ... !
यही बलीबेदीमा
कसैको खुट्टा खाए त/कसैको आँखा
कसैको टाउकामा ठुँगेर
रगतको खोलो बग्यो,
यो युद्ध मैदानमा
नडराइकन युद्ध गऱ्यौं... !
गिद्धे आँखा । नङ्ग्रा र चुच्चाहरू तिखारिँदा
कति शहीद भए अपाङ्ग कति हो कति,

('गिद्ध र परेवाको युद्ध' यो /पृ. ७)

कवि सन्जेलले २०४७ सालमा **मधुपर्क**मा प्रकाशित गरेको यो कविताको भावार्थ आजसम्म आउँदा पनि उसै गरी मिल्न गएको देखिन्छ । हिजो एउटा गिद्धको रजाइँ थियो भने आज झन् हजारौँ गिद्धको रजाइँ चलिरहेछ । परेवाहरूले शान्ति र अमनचैनसित बाँच्न पाएका छैनन् । आजको यथार्थ यही हो । यो कवितामा खराब नेतालाई गिद्धको प्रतीक र तमाम सिधासाधा जनतालाई परेवाको प्रतीक बनाइएको छ । यहाँ प्रयोग गरिएको  विम्ब र प्रतीकले कवितालाई ओजपूर्ण बनाएको देखिन्छ ।

कवि रामचन्द्र शर्मा आफ्ना श्रद्धेय अग्रजहरूलाई सम्झेर भावुक हुँदै स्वर सम्राट् नारायण गोपाललाई श्रद्धाञ्जली दिन्छन् । यो कविता सम्पूर्ण दिवङ्गत श्रद्धेय व्यक्तित्वप्रतिको साझा श्रद्धाञ्जली पनि हो । त्यसैले उनी भन्छन्–

हामी रित्ताहरूले के दिन सक्छौँ ?
मुस्कानका सम्राटलाई…
जे होस्…
एक अञ्जुली श्रद्धाञ्जलि
स्वर सम्राट तिमीलाई ..... !

(स्वर सम्राट नारायण गोपालको…)

कवि सन्जेल इतिहास सम्झेर वर्तमानलाई सम्झन्छन् । भक्ति थापा, अमरसिंह थापा, वीर बलभद्रसिंह कुँवरजस्ता देशभक्त सपूतहरूले निर्माण गरेको यो देशमा कपुतहरूको साम्राज्य चलेको देखेर कविलाई दुःख लागेको छ । 'विलासै–विलासको रङ्गमा खेलिरहने' अपराधी सन्तानहरूले बाल, युवा र वृद्धहरूमा भ्रमको जालो फिँजाएर मर्माहत तुल्याउने हुतीहारा नपुङ्सक र महँगी बढाउने कालाबजारीदेखि सतर्क हुन र मातृभूमिप्रति बफादार भएर देशको शिर उँचा राख्न फेरि अन्य भक्ति थापाहरू झुपडीबाट जन्मिएर आगो बोक्न सकुन् र सहरलाई उज्यालो पार्न सकुन् भन्ने भावार्थमा कवि यसरी कवितामा पोखिन्छन् :

झुपडीबाट भारी अग्निहरू बोकेर
तपाईंको शहरलाई उज्यालो बाड्न निस्किरहेछन्
भक्तिथापाहरू
त्यसैले
प्रपञ्चका आदेशहरू नछर
पुनः ती डढेलो भएर बल्न सक्छन्
भक्तिथापाहरू त
फूलभन्दा नरम छन् भन्ने जान
क्षेप्यास्त्र भन्दा पनि शक्तिशाली मान ।

(देश र भक्ति थापाहरू, पृ. ८०)

कवि सन्जेलको यो कवितासङ्ग्रहमा सङ्कलित सम्पूर्ण कविताहरू सबल र सक्षम छन् । ती कविताहरूमा आजको नेपाल र नेपालीले भोग्नुपरेका आशा, निराशा, पिर र मर्काका बारेमा चोटिलो व्यङ्ग्य प्रहार गर्दै काव्यात्मक अभिव्यक्ति पोखिएको छ ।

आजको नेपाली समाजमा मौलाउँदै गएको चोरी, चाकरी, लुटपाट, हत्या, बलात्कार, तस्करी, महँगी र कालाबजारीप्रति आक्रोश पोख्तै त्यसको समाधानका लागि कविले यहाँ अप्रत्यक्ष ढङ्गले सल्लाह दिएका छन् । यहाँ सङ्कलित कतिपय कवितामा विकृति, विसङ्गति र बिग्रँदो राजनीतिक परिस्थितिले भित्र्याएका भ्रष्टाचार, दुराचार, पापाचार र अन्यायअत्याचारको भण्डाफोर गरिएको छ । यस्ता कविताहरूमार्फत कवि सन्जेलले सचेतनाको बिउ छर्ने कोसिस गरेका छन् । यो प्रशंसनीय छ । कवि सन्जेल पाठकहरूका मनमन्दिरमा बस्न सफल छन् । यही नै सफलताको द्योतक हो ।

कविता

# केही साइनो कविता



डा. छायादत्त न्यौपाने

सपना देख्ने आँखा
हृदय छाम्ने उत्साह
शिर ठाडो गतिवान् खुट्टा ।

खुसी खोज्दै छ मान्छे
छलछामको सहारा
देशले अघाएन मान्छे ।

सिकाइ हो जीवन
उद्देश्य छ बत्ती बाल्ने
खेल्नु छ सँगै आँगनमा ।

दृष्टिदोष कि दृश्य ?
आवरण हेर्ने आँखा
अँध्यारो पछ्याउने मान्छे ।

गाह्रो छ मन चिन्न
काँडाबिच फुल्छ फूल
पुग्दैन सुन्दर तनले ।

सुन्दर छ जीवन
जीवन्त श्रम संस्कृति
त्याग्न सिकौँ स्वार्थी विकृति ।


चलुन् न हातखुट्टा
कर्मले हो देश बन्ने
भर्हुन्न खन्चुवा मुखको ।

सँगै बाँच्ने रहर
मिठो इमानी खेती
विजयी हुन्छ कर्मयोग ।

(cdnyaupane@gmail.com)

# प्यासी कुवा

राजेश मानन्धर



# वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔँ

- वैदेशिक रोजगारीमा जाँदा सिप सिकेर जाऔँ,
- वैदेशिक रोजगारीमा जाँदा अनुमति प्राप्त संस्थाबाट मात्र जाऔँ,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौँ,
- अनुमति प्राप्त संस्थामार्फत जाँदा वेबसाइटमार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तर्वार्तालगायतबाट छनोट प्रक्रियाबाट मात्र जाऔँ,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैङ्किङ प्रणालीको प्रयोग गरौँ,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौँ,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौँ,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानुन पालना गरौँ,
- कार्यस्थलमा कार्य गर्दा पूर्ण रूपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरूको पालना गरौँ,
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौँ ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

सदस्यता शुल्क

| देश/संस्था | विशिष्ट | आजीवन |
|---|---|---|
| नेपाल (नेरु) र भारत (भारु) | १०,०००/- | ५,०००/- |
| संस्थागत र अन्य मुलुक नेरु | २०,०००/- | १०,०००/- |

**शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।**